# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल सानो देश भए तापनि जात, धर्म, भाषा र संस्कृतिका दृष्टिले विविधता भएको मुलुक हो र त्यस अनुसार विविध भाषा भाषी भएको देश पनि नेपाली भाषा भारोपेली भाषा परिवारको आर्य इरानेली शाखाबाट संस्कृत प्राकृत र अप्रभंश हुदै जन्मेको भाषा हो । यहाँ विविध भाषाभाषी एक अर्कामा सम्पर्क गर्न नेपाली भाषाकै उपयोग गर्दछन् । त्यस्तै सरकारी कामकाज र शिक्षणको माध्यमका रूपमा पनि नेपाली भाषाकै प्रयोग गरिन्छ । नेपालको संविधानले यस भाषालाई राष्ट्र भाषा भनी तोकेको छ । २०६८ सालको जनगणना अनुसार ४४.६३ % नेपालीहरुले नेपाली भाषालाई मातृभाषा वा पहिलो भाषाका रूपमा प्रयोग गर्दछन् र ५१% नेपालीहरुले दोस्रो भाषा वा सम्पर्क भाषाका रूपमा प्रयोग गर्दै आएकाछन् (ढकाल २०६७-३६४) ।

नेपाली भाषाले शिक्षा, संञ्चार, प्रकाशन, प्रशासन र सरकारी कामकाजका अतिरिक्त राष्ट्रभाषा, सम्पर्कभाषा र माध्यमभाषाका रूपमा देशभित्र महत्त्वपूर्ण स्थान कायम गरेको छ । अतः विद्यालय तहमा यस भाषालाई अनिवार्य विषयका रूपमा अध्यापन गरिँदै आएको छ ।

भाषाको उपयुक्त र प्रभावकारी पठन पाठनका लागि पाठ्यक्रममा समावेश गरेर मात्र पर्याप्त हुँदैन पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि स्तरीय पाठ्य पुस्तकको पनि त्यतिकै आवश्यक पर्छ । पाठ्यक्रम तथा पाठ्य पुस्तकको उत्तरोत्तर विकासका लागि तिनको निरन्तर परीक्षा अध्ययन र अनुसन्धान भइरहनु आवश्यक छ । पाठ्यक्रम जतिसुकै राम्रो भए पनि पाठ्य पुस्तक विद्यार्थीको स्तर अनुकूल नभए पाठ्यक्रमको उद्देश्य हासिल हुन सक्दैन । त्यसैले राम्रो अनुसन्धानपछि मात्र पाठ्यक्रमका तत्त्वहरु अन्तर्गत पाठ्य वस्तुलाई समेटिएको पाठ्य पुस्तकलाई प्रयोगमा ल्याउनु पर्दछ । राम्रो पाठ्य पुस्तकको पहिलो र अनिवार्य गुण बोधगम्यता नै हो । बोधगम्यताको अभिप्राय विद्यार्थीका लागि निर्दिष्ट पाठ्य पुस्तक कति मात्रामा बुझिने

गरी तयार पारिएको छ भन्ने हो । चाहे सुगम क्षेत्रका विद्यार्थीको लागि होस् या दुर्गम क्षेत्रका त्यस्तै चाहे सहरी क्षेत्रका विद्यार्थीहरुका लागि होस् वा ग्रामीण क्षेत्रका लागि त्यस्तै चाहे सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि होस वा निजी विद्यालयका सबैका लागि त्यो समान रूपमा बोधगम्य हुन आवश्यक छ । यसै परिप्रेक्षमा प्रचलित कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाहरु बोधगम्यताका दृष्टिले के कति मात्राका उपयुक्त रहेछन् भनेर अध्ययन गर्नु यस आनुसन्धानको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनले निर्दिष्ट पाठ्य पुस्तकमा प्रयुक्त कथाको लैङ्गिक, भाषिक, स्थानिय आदि विविध आधारमा बोधगम्यताको स्थितिको पहिचान भई यसको आवश्यक सुधार गर्न सकिने शोधार्थीको अपेक्षा रहेको छ ।

## १.२ समस्याकथन

समस्याकथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो 'बोधगम्यताको आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन' के कसरी गर्न सकिन्छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै शोधकार्यको मूल समस्या रहेको छ । यसका साथै बोधगम्यताको आधारमा कक्षा नौको नेपाली किताबमा प्रयुक्त कथाहरु के कति बुझिने गरी तयार पारिएका छन् । सोको समेत विश्लेषण यस अनुसन्धानमा गरिएकोछ । यसै क्रममा प्रस्तुत शोधका लागि निम्न लिखित अनुसन्धेय समस्याहरुको विश्लेषण गरी मूल शोधको समस्या प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध अनुसन्धानका निम्नलिखित समस्याहरु रहेका छन् :

क) कक्षा नौको नेपाली किताबमा प्रयुक्त कथाहरु कतिको बोधगम्य छन् ?

ख) सम्बन्धित कथाहरुको सरल र जटिलक्रम कस्तो छ ?

ग) भाषिक पृष्ठभूमिको आधारमा सो पुस्तकमा प्रयुक्त कथाहरुको बोधगम्यता कस्तो छ ?

घ) लिङ्गका आधारमा सो पुस्तकमा प्रयुक्त कथाहरुको बोधगम्यता कस्तो छ ?

ङ) निजी र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बोधगम्यताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्‌देश्य

कुनै पनि कार्य निश्चित उद्‌देश्यमा केन्द्रित हुन्छ । अनुसन्धानको सम्पूर्ण कार्यहरुनै उद्‌देश्य पूर्तिमा केन्द्रित हुने भएकाले अनुसन्धानमा उद्‌देश्यलाई केन्द्रीय अंगको रूपमा लिइन्छ । समस्या कथनमा उठाएका मूख्य प्रश्नहरुको समाधान नै उद्‌देश्य हो । अध्ययन अनुसन्धान गर्नु पूर्व समस्या पहिल्याई उद्‌देश्य निर्धारण गर्नुपर्दछ । खास गरी उद्‌देश्यले अनुसन्धानलाई निश्चित र सीमाबद्‌द बनाउनको लागि मद्‌दत पुऱ्याउँछ । प्रस्तुत अध्ययनका निम्नलिखित उद्‌देश्यहरु रहेका छन् :

क) बोधगम्यताका आधारमा काक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन गर्नु ,

ख) भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा उक्त पाठ्य पुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको स्थिति पहिल्याउनु,

ग) सम्वन्धित कथाहरुको सरल र जटिल क्रम निर्धारण गर्नु,

घ) निजी र सामुदायिक विद्‌यालयमा अध्ययनरत विद्‌यार्थीहरुको बोधगम्यताको तुलना गर्नु ,

## १.४ अध्ययनको औचित्य / महत्त्व

बोधगम्यता भनेको कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर त्यसको मूल आशयलाई बुझ्ने स्थिति हो । पाठ्य पुस्तकको बोधगम्यता लिखित सामग्रीको बुझाइसँग सम्बन्धित हुने हुँदा यसका लागि पाठ नै सम्पूर्ण कुरा हो । पाठकै माध्यमवाट भाषाका सिपको अभ्यास गर्ने गराउने कार्य हुन्छ । पाठसँग सम्बन्धित कुनै अभिव्यक्तिको सार ठम्याउने र त्यसलाई उपयुक्त तरिकाले सिक्ने सीपको अभिवृद्‌धि गर्ने हुनाले पाठ्य पुस्तकको बोधगम्यताको अध्ययन ज्यादै आवश्यक देखिन्छ ।

पाठ्य पुस्तक विद्‌यार्थीको रुचि, क्षमता,स्तर अनुकुल हुनुपर्दछ । रुचि क्षमता अनुकूल भए पनि कतिपय पाठ्य पुस्तकहरु बोधगम्य हुन सक्दैन् । पाठ्य पुस्तकमा पाठको रखाइक्रम, छपाइ, विषयवस्तुको जटिलता, भाषिक प्रयोगगत तथा वर्ण विन्यासगत त्रुटि पाठको सरल र

जटिल क्रम नमिलेको आदि जस्ता कारणले पाठ्य पुस्तक बोधगम्य नहुन सक्छ । अतः सम्वन्धित पाठ्य पुस्तक प्रयोगमा ल्याउनुभन्दा अगाडी नै बोधगम्यताको दृष्टिले सो पुस्तक के कस्तो छ भनि अध्ययन गर्नु नितान्त आवश्यक देखिन्छ ।

जबसम्म विद्यार्थीमा बोध हुदैन तवसम्म उसको व्यवहारमा वाञ्छित परिवर्तन आउन सक्दैनन । कक्षा कार्यकलाप हुन पाउदैन र सिकाइ शून्य हुन्छ । यसरी पाठ्य पुस्तक बोधगम्य नभए पाठ्यक्रम निरर्थक नै बन्न पुग्छ ।

भौगोलिक विकटता र यतायातको कठिनाइका कारण एउटै भाषा नेपाली बोल्नेहरु बीच पनि भाषिकागत भिन्नताले एक आपसमा भावना विनिमय गर्न कठिनाइ देखिन्छ भने झन अर्को भाषा प्रयोग गर्ने भाषाभाषिहरुलाई नेपालीभाषाको माध्यमले विचार बिनिमय गर्न कति कठिन होला भन्ने कुरालाई महसुस गरौ त ! यसर्थ नेपाली भाषाका पाठ्य पुस्तक जुन शिक्षणको प्रयोजनका लागि तयार परिएका छन् । ती के कति मात्रामा बोधगम्य छन् त ? बिचरणीय देखिन्छ । मौखिक वा लिखित अभिव्यक्ति बोधगम्य छैनन् भने तिनको कुनै औचित्य रहन्न ।

कुनै पनि कुरा आफूले बुझ्न र अरुलाई बुझाउन बोधशक्तिको आवश्यकता पर्दछ । बोधले भावनालाई तिब्रता दिन्छ, नयाँ कुरा जान्ने खुल्दुली जगाउँछ र तथ्यको जानकारी लिन माथिङ्गललाई तत्त्वसम्म पुऱ्याउने हुँदा बोधगम्यताको अति नै ठूलो महत्त्व हुन्छ । जवसम्म विद्यार्थीले पठन वा श्रुतिबोध गर्दैन तवसम्म उसको व्यवहारमा बञ्छित परिवर्तन आउन सक्दैन ।

बोधगम्यतामा त्यस संरचनाको पूर्वानुमान छैन भने बोधको सम्भावना हुदैन् । त्यस्तै शब्दभण्डार शैली, वर्णबिन्यास, विषयवस्तु, भाषिक आदि विभिन्न कुराले बोधगम्यतामा निकै असर पारिराखेको हुन्छ । बोधगम्यता कुनै भाषिक व्यवस्था अर्न्तगत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्वपूर्ण माध्यम हो । सुनेका कुरा बुझ्ने क्षमता "श्रुतिबोध" पढेका कुरा बुझ्ने क्षमता "पढनबोध" भाषिक स्पस्टीकरण विकासको आधार बन्न सक्ने हुँदा यसले बालबालिकाहरुलाई आफ्नो सेरोफेरोमा देखेका अनुभव गरेका र सुनेका विषय वस्तुमा गरिरिएर तत्वबोध गर्ने सामर्थ्यवान बनाउन सक्छ । बिना बोधगम्यता भाषा प्रयोजन शुन्य हुन्छ । बोधको भाषिक

व्यवस्था अनुसार शब्दहरुको अर्थनिर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको व्यापक ढाँचासँग सम्बद्ध गराउने तथा लेखकका मनमा भएका सम्बन्धित बिचारको श्रृङ्खलामा मिलाउने प्रकृया संलग्न रहेको हुन्छ । त्यसैले बोधगम्यता शब्द र वाक्यको अर्थ बुझ्नमा मात्र सीमित नरही बोद्धाको बौद्धिक उपजसम्म रहेको हुनुले अध्ययन र अध्यापनको क्षेत्रमा यसको गरिमामय स्थान रहेको हुन्छ ।

माध्यमिक तहको शुरुको खुड्किलो कक्षा नौ स्तरलाई हेर्ने हो भने बोधगम्यताको अध्ययनलाई नकार्न सकिन्न । झन् वर्तमान विद्यालयको संरचानालाई दृष्टिगत गर्दा बोधगम्यताको अध्ययन गर्नु महत्त्वपूर्ण हुन जान्छ । त्यसमा पनि नेपाली भाषा माध्यम भाषा भएकाले अन्य विषयको ज्ञानार्जनको आधार सामग्री पनि हो ।

विद्यार्थीको जीवनमा बोधगम्यताले अभिधात्मक, व्यख्यात्मक, समिक्षात्मक र सृजनात्मक क्षमताको समेत विकास गराउँछ । बोधले प्रयोगकर्ताको बौद्धिक सामर्थ्य बढाई पाठको गहिराई बुझ्न मद्दत गर्दछ । कुनै अभिव्यक्तिको सारभूत कुरा ठम्याउने र त्यसलाई उपयुक्त तरिकाले झिक्ने सिपको अभिवृद्धि गर्ने हुनाले विशिष्ट बोध शिक्षणको सन्दर्भमा महत्त्वपूर्ण हुन्छ ।

विश्वको गतिशिलता र परिवर्तनलाई शिक्षाले पछ्याउन समेत नसकेको अवस्थामा विविध विषयवस्तुलाई कुन तहमा कसरी शिक्षा दिने भन्ने जस्ता कुरालाई हाम्रो देशको परिपाटीले धान्न सकेको पइदैन् । यस विषयमा शैक्षिक क्षेत्र मौन रहेको पाइन्छ । अर्को कुरा एक पटक निर्धारण गरेको विषयवस्तु सधैं उपयुक्त हुन्छ भन्ने छैन् । त्यसैले शिक्षा समय सापेक्षा, विद्यार्थीको रुचि, उमेर, राष्ट्रिय आवश्यकता तथा विषयगत गाम्भीर्यताका आधारमा विद्यालयीय पाठ्यक्रम र पाठ्य पुस्तक निर्माण गर्नुपर्छ । भाषिक पाठ्यक्रम र पाठ्य पुस्तक तयार गर्दा उक्त विषयमा विद्यार्थीको शव्दभण्डार र भाषिक पृष्ठभूमि राम्ररी बिचार गर्नुपर्दछ । पाठ्यक्रम जति राम्रो भएपनि त्यो विद्यार्थीका लागि बोधगम्य छैन भने त्यसको कुनै महत्त्व

रहदैन् । त्यसैले पाठ्य पुस्तक बोधगम्य भयो भने त्यसको उपयोगिता बढ्न गई सबै किसिमका विद्यार्थीहरु त्यसबाट लाभान्वित बन्न सक्छन् ।

## १.५ अध्ययनको सीमा

कुनैपनि अध्ययनको क्षेत्र, परिवेश तथा सामग्रीको सम्भाव्यता अत्यन्त व्यापक र विस्तृत रहेको हुन्छ । त्यसैले समग्र कुराहरुको तथ्यलाई त्यस विषयको प्रयोजन अनुसार अध्ययनको गहिराई र व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ, जसअनुसार प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत अध्ययन झापा जिल्लामा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययन बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथा विधाको अध्ययनमा मात्र सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन झापा जिल्लाका ३ नजी र ३ सामुदायिक गरी ६ विद्यालयका १० विद्यार्थीका दरले ६० विद्यार्थीहरुमा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

क) अध्याय एक : शोध परिचय

ख) अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

ग) अध्याय तिन : अध्ययन विधि

घ) अध्याय चार : व्याख्या तथा विश्लेषण

ङ) अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य गर्दा पूर्वकार्यको लेखाजोखाबिना औचित्यपूर्ण सफलता प्राप्त गर्न सकिँदैन । मानिसले कुनै पनि नयाँ कार्यको थालनी गर्नुभन्दा पहिला त्यस कार्यसँग सम्वन्धित कार्यहरु अगाडि भएका छन् कि छैनन् भनी पूर्वकार्यको खोजी गर्नु नितान्त आवश्यक ठानिन्छ । पूर्वकार्यका अनुभवहरुले वर्तमानमा गर्न लागिएको कार्यलाई गन्तव्यमा पुऱ्याउनको लागि अहम् भूमिका खेलेको हुन्छ। पूर्वकार्यको समीक्षाले यसभन्दा अगाडि सम्वन्धित बिषयमा के कति कार्यहरु भएका छन् ? आदिको जानकारी प्राप्त गर्नका लागि अत्यन्त फलदायी हुने कुरालाई नकार्न सकिदैन । जसवाट आफूलाई पनि सैद्धान्तिक पृष्ठभूमि प्राप्त हुने पुनरावृत्तिको प्रभाववाट जोगिने विश्लेषणको आधार प्राप्त हुने आदि कार्यमा सहयोग पुग्ने हुनाले पूर्वकार्यको अध्ययन जरुरी छ भन्दा अतियुक्ति नहोला । त्यसकारण प्रस्तुत अध्ययनमा पनि बोधगम्यता अध्ययनसँग सम्वन्धी अध्ययनहरुको समीक्षा वा सोसम्वन्धी भएका प्रयासलाई क्रमशः प्रस्तुत गरिएको छ ।

नेपालको सन्दर्भमा पाठ्य पुस्तक तथा बोधगम्यताको अध्ययन नयाँ भएतापनि विश्वको इतिहासमा नौ दशक लामो भएको पाइन्छ । तेस्रो दशकसम्म अनुसन्धानको रूपरेखा विश्लेषणमा र मूल्याङ्कनमा नै सीमित थियो । त्यस पछिका दुई दशकमा पाठ्य पुस्तकको सुधार, रूपरेखा, शव्दभण्डार आदिमा अनुसन्धान भएको पाइन्छ । सन् १९५० देखि १९६० मा पाठ्य पुस्तकको बोधमूलक दृष्टिदेखि राष्ट्रिय चाहना  र आकांक्षा अनुरूप के कस्तो छ सोको बारेमा अनुसन्धान हुनाका साथै परीक्षा र परिमार्जनका लागि समेत सुझावहरु दिइएको पाइन्छ । सन् १९९० को दशकमा आइपुग्दा तथा पाठ्य पुस्तक मूल्याङ्कनका क्षेत्रमा धेरै उपलव्धि हासिल भएको पाइन्छ । विकसित मुलकका पाठ्य सामग्रीहरु अनुसन्धानपछि मात्र प्रयोगमा ल्याउन राज्यले सिफारिस गरेको पाइन्छ ।

हाम्रो देश नेपालको सम्दर्भमा भन्नुपर्दा विद्यालय तहमा कक्षा १ देखि १० कक्षा सम्मको शैक्षिक सामग्री (पाठ्यक्रम र पाठ्य पुस्तक) निर्धारण तथा निर्माण गर्ने काम शिक्षा मन्त्रालय अर्न्तगत पाठ्यक्रम विकास केन्द्रले गर्दछ भने अर्कातिर निजी स्रोतका विद्यालयहरुले उक्त पाठ्य पुस्तक बाहेक विविध शैक्षिक सामग्रीहरु पनि अध्ययन अध्यापन गराउदै आएको पाइन्छ । यसरी बृहत परिमाणमा उत्पादित यस्ता शैक्षिक विषयहरु अनुसन्धान गरिएको छैन् । यसरी निर्धारित तहका विद्यार्थीहरुलाई के कति अनुपातमा उपयुक्त छन् भन्ने गाह्रो हुन्छ । विविध भाषाभाषी भएको देश नेपालमा विद्यालय शिक्षामा अनिवार्य रूपमा अध्यापन गराइने नेपाली पाठ्य सामग्रीको अनुसन्धान त झन आवश्यक हुन जान्छ । समग्रमा राष्ट्रको उन्नति शिक्षामा वैज्ञानिकता नआए सम्म हुनसक्दैन् । सरकारी तवरवाट विद्यालय शिक्षा सुगम र सुलभ तुल्याउन प्रयास भए तापनि धेरै गोष्ठी, सेमिनारहरु सञ्चालन गरे तापनि पाठ्य सामग्रीहरु बालवालिकाको पूर्वक्षमता, रुचि, भाषिक पृष्ठभूमि र संस्कृतिलाई त्यति ध्यान नदिई कोरा किताबी ज्ञान पुरानै परम्परामा कायमै रहेको हुनाले सुधार हुन गाह्रो देखिन्छ ।

यसरी कक्षागत रूपमा विश्वको विकसित मुलुक र हाम्रो देशको पाठ्य सामग्री बोधगम्यताका आधारमा तुलना गर्ने हो भने वास्तविकता अगाडि हेर्न सकिन्छ । विश्वको अनुसन्धानको क्षेत्रमा प्रगति भए सरह नेपालले गर्न नसके तापनि भाषिक विकास गर्नका लागि नेपालमा भएका कार्य र अनुसन्धान गर्ने जमर्को गरिएको छ ।

विगतलाई नियाल्दा नेपाल भूमिमा नै राम लक्ष्मणले धनु विद्यामा दक्षता प्राप्त गरेको अनुमान हुन्छ । दशरथका राजकुमारहरुलाई तपोवनमा ल्याइ शिक्षा दिएर जनकपुरी लैजाने विश्वमित्रको आश्रम साकेत र जनकपुरीको बाटो नजिकै भएको अनुमान गरिन्छ । महान सपुत गौतम वुद्धकै पालामा स्थानीय लोकभाषाको उन्नति भएको पाइन्छ । वुद्धले गण्डकी क्षेत्रमा रहेका ब्राहम्ण विद्वानहरु सित शिक्षा प्राप्त गरेको उनको जीवनीबाट पनि विदित हुन्छ । जनक देखि वुद्धसम्मको हाम्रो । देशको शैक्षिक सामर्थले त्यस समयको कला कौशल र व्यवस्था

आदिमा अपेक्षिक प्रविधि ज्ञानको उन्नति पनि अध्यात्मिक ज्ञानको हाराहारीमा पुगेको परिचय दिन्छ ।

यद्धपि नेपालको शैक्षिक परम्परा धेरै पुरानो भए पनि पाठ्य पुस्तको प्रयोग भने पछि मात्र हुदै आएको हो त्यतिवेलाको शिक्षा मौखिक रूपमा मात्रहुन्थ्यो । विद्यार्थीहरुले सुनेकोभरमा घोकेर सिक्नु पर्दथ्यो । कलाको प्रयासपछि रुखको बोक्रा, पातहरु, धुलो, आदिमा लेख्दथे । पछि ताम्रपत्र लेखनले ज्ञानको संरक्षण भइ सिकारुलाई सजिलो भइ किताबको अवधारणा महसुस भयो । पछिमात्र गणेश स्त्रोत्र, सरस्वती स्त्रोत्र, दुर्गा कवज, चाणक्यनिति, हितोप्रदेश जस्ता धार्मिक पुस्तकहरु पाठशालामा उपलब्ध गराइए । पहिलो पाठ्य पुस्तकको रूपमा 'अक्षाराङ्क शिक्षा' जयपृथ्वी वहादुरसिंहद्वारा तत्कालिन प्रधानमन्त्री देव शमशेरको आदेश अनुसार विं सं.१९५८मा प्रकाशित भयो यसपछि विद्यालय स्तरमा पाठ्य पुस्तकहरु उपलब्ध हुन थाले र पठन पाठन कार्य संञ्चालन गरियो । हाम्रो देश नेपालमा पनि भाषिक विकासको उन्नति गर्नका लागि छिट्फुट रूपमा अध्ययन हुन थालेको पाइन्छ । जुन निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

राममणि आचार्य दीक्षितको अध्यक्षतामा १९१४ इ.मा गोर्खा भाषा प्रकाशिनि समितिको स्थापना भयो । यो काम आवश्यक पाठ्य पुस्तक र साहित्यिक कार्यको तयारी र प्रकाशनका लागि पहिलो प्रयास थियो । यस समितिको अनुमतिबिना कुनै पनि पुस्तकको प्रकाशन गर्न पाइदैन थियो । यस समितिले १०,१५ जति किताब प्रकाशित गऱ्यो तर आवश्यकता याथास्थितिमा नै रह्यो त्यसैले १९४० मा भाषानुवाद परिषद्को गठन गरियो । जसबाट अन्य भाषामा लेखिएका पुस्तकको अनुवाद गरी आवश्यकता पुरा होस भन्ने थियो । हस्त लिखित ग्रन्थहरु नेपालीभाषा प्रकाशिनि समितिबाट पास हुनु पर्दथ्यो ।

प्रजातन्त्रको आगमनपछि शिक्षाको लागि वातावरण अनुकूल भयो र विद्यालयहरु द्रुतगतिमा विकसित भए । स्तरीय पाठ्य पुस्तकको भने अभावै खड्कियो । शिक्षण सामग्रीमा एकरूपता थिएन । पाठ्य पुस्तकको छनोटमा कुनै पनि मापदण्ड थिएन । त्यसैले जस्तो पनि हुन सक्थ्यो यो हुनको कारण पाठ्य पुस्तक सुधार सम्बन्धी कुनै अध्ययन छलफल नै नगरिनु हो ।

ने.रा.शि.यो.ले पाठ्य पुस्तक विद्यार्थीको उमेर, चाहना, आर्कषक, टिकाउपन आदि कुराहरुलाई ध्यान दिएको हुनुपर्छ भनी पहिलो पटक चासो राखेको कुरा यसको प्रतिवेदनले बताउँछ । दोश्रो महत्वपूर्ण पक्ष सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले २०१८ मा व्यक्तिगत रूपमा लेखेका किताबहरुको छनोट र मन्जुरी प्रति जवाफ हुने गरी एउटा समिति बनाउन सिफरिस गऱ्यो । यसले राष्ट्रभरि नै एकै रूपमा राम्ररी व्याख्या र विस्तृतीकरण पाठ्य पुस्तक हुनुपर्ने सुझाव दियो ।

डा. के. जी रस्तोगी (१९८७) द्वारा 'नेपाली पाठ्य पुस्तकको मूल्याङ्कन' शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । यो अध्ययननै नेपालमा गरिएको अध्ययन मध्येको एक हो । यो अध्ययन खास गरेर माथिका सामाजिक, वैज्ञानिक, भाषिक, मनोवैज्ञानिक र शारीरिक पक्षको अध्ययनको लागि थियो (शर्मा १९९५:३२) उपयुक्त अध्ययन उनीद्वारा पारिएको बिश्लेषणात्मक कुनै सहायताले संकलित तथ्यांङ्कमा आधारित थियो । उनले कक्षा १ को नेपाली पाठ्य पुस्तकमा छुट्टै बिश्लेषण गरे तर त्यो व्यक्तिगत व्याख्या न्याय विश्लेषण भएकोले उनको निष्कर्ष सीमित र अपूर्ण नै रह्यो ।

त्रि.वि शिक्षा विकास तथा अनुसन्धान केन्द्रले २०४४ सालमा भाषा शिक्षण र भाषा पाठ्य पुस्तकको विश्लेषण गरेको पाइन्छ । 'शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व' नामक एक अनुसन्धानात्मक पुस्तकमा नेपाली भाषाका प्राथमिक तहदेखि माध्यमिक तह सम्मका पाठ्य पुस्तकमा भाषाका पाठ्यक्रम र पाठ्य पुस्तकको विश्लेषण गरिएको छ । उक्त अध्ययनले तहगत बोधगम्यताको लागि पाठ्य पुस्तकमा समावेश पाठ्यांशहरुको केही हद सम्म बिश्लेषण गरेको पाइन्छ ।

शर्मा (वि.सं.२०५२) द्वारा आफ्नो पि.एच.डी अध्ययनको प्रयोजनार्थ 'प्रथामिक तहको नेपाली भाषा विषयका सरकारी पाठ्य पुस्तकहरुको व्यापक अध्ययन' गरिएको पाइन्छ । उनको उध्ययनको निष्कर्षमा प्राथमिक तहको पाठ्य पुस्तकको बोधगम्यतमा लिङ्गगता र स्थानीयता ( नगर र गाउँ) को दृष्टिले फरक नपाइएको तर मातृभाषा नेपाली भएका र नभएका विद्यार्थीहरुका लागि भने ती पाठ्य पुस्तकको बोधगम्यता फरक पाइएको कुरा उल्लेख पाइन्छ

। त्यस्तै पहाड र उपत्यकाका विद्यार्थीहरु भन्दा तराइका विद्यार्थीहरुमा नेपाली भाषाको बोधगम्यता क्षमता केहि कम रहेको कुरा उल्लेख पाइन्छ ।

घिमिरे (वि.सं२०५६) द्वारा 'हाम्रो नेपाली किताब कक्षा आठ को बोधगम्यताको अध्ययन' नामक शोधपत्र तयार गरिएको छ । उक्त अध्ययनको निष्कर्षमा भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी विद्यार्थीलाई भन्दा दोस्रो भाषी विद्यार्थीका लागि उक्त पाठ्य पुस्तक बोधगम्यताका दृष्टिमा कमजोर देखिन्छ । लिङ्गका आधारमा समान बोधगम्यता देखाइएको छ । सहरका दृष्टिले गाउँ क्षेत्रका विद्यार्थीहरुमा बोधक्षमता कम पाइन्छ । उक्त अध्ययन को निचोडमा हरेक शिक्षण भाषिक वातावरण नमुना छनोट आदि जस्ता कारणले फरक पारे तापनि प्रस्तुत पाठ्य पुस्तक कक्षा आठ का लागि समान बोधगम्य छैन भन्न सकिन्न भन्ने उल्लेख गरिएको छ ।

पुरी (वि.सं २०६०) द्वारा 'हाम्रो नेपाली किताब कक्षा छ को बोधगम्यताको अध्ययन' नामक शोधपत्र तयार पारिएको देखिन्छ । उक्त अध्ययनको निष्कर्षमा स्थानीयता (गाउँ र शहर) का आधारमा शहरका भन्दा गाउँका विद्यालयका विद्यार्थीहरुका लागि उक्त पाठ्य पुस्तक बोधगम्यताको दृष्टिमा कमजोर देखिएको छ । लिङ्गका आधारमा छात्राहरुले छात्रहरुको तुलनामा उक्त पाठ्य पुस्तक अलिकति नै भए पनि वढी ले वुझ्ने गरेको देखिएको छ । भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषिक विद्यार्थीलाई भन्दा दोस्रो भाषी विद्यार्थीका लागि उक्त पाठ्य पुस्तक बोधगम्यताका आधारमा कमजोर देखिन्छ ।

उपाध्याय (वि.सं. २०६०) द्वारा 'कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा गरिएको पाइन्छ । उक्त शोध कार्यमा पनि कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, लैङ्गिकता, क्षेत्रियता र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमताको पहिचान गर्नु, पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाब पेस गर्नु जस्ता प्रमुख उद्देश्यहरुमा केन्द्रीत रहेको पाइन्छ ।

के.सी. (वि.सं. २०६४) द्वारा 'लमजुङ्ग जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको देखिन्छ । यस अध्ययनमा कक्षा छ मा अध्ययनरत  विद्यार्थीहरुको पठनबोध क्षमता, भाषिक पृष्ठभूमि, लिङ्ग, विद्यालयको प्रकृति र स्थानीयताको आधारमा विद्यार्थीहरुको पठनबोध क्षमता के कस्तो रहेको छ ? जस्ता पक्षहरुलाई समस्याको रूपमा लिइएको देखिन्छ । त्यसैगरी कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, लैङ्गिकता, स्थानीयता आदिको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरु राखेर शोधकार्य गरेका छन् । यस शोधकार्यका लागि शोधविधिका रूपमा प्राथमिक श्रोत र गौण श्रोतलाई लिइएको देखिन्छ । त्यसैगरी स्थानीयताका आधारमा ग्रामीण विद्यार्थीका तुलनामा सहरका विद्यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको, छात्रका तुलनामा छात्राहरुको पठनबोध क्षमता कमजोर रहेको,नेपाली पहिलो भाषी विद्यार्थीका तुलनामा नेपाली दोस्रो भाषी विदयार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको जस्ता निष्कर्ष यस अध्ययनले निकालेको छ । यस अध्ययनले कक्षा शिक्षणमा पठनबोध सम्वन्धी क्रियापलाप समावेश गर्नुपर्ने, पाठ्यपुस्तकहरु विद्यार्थीका रुचि, क्षमता, आवश्यकता तथा बौद्धिक स्तरका आधारमा निर्माण गर्नुपर्ने, गाउँमा रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि जस्ता सञ्चारका माध्यम द्वारा विशेष शिक्षा दिने व्यवस्था गर्नुपर्ने जस्ता पक्षहरुलाई सुझावका रुपमा पेस गरेको देखिन्छ ।

गिरी (वि.सं. २०६५) द्वारा 'कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको देखिन्छ । यस अध्ययनमा समस्याका रूपमा कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता  के कस्तो छ ? स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति, जातीयताको आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमता के कस्तो छ ? जस्ता कुराहरुलाई समस्याका रूपमा लिइएको छ । यस अध्ययनले कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु, जातीयता, स्थानीयता, लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु, दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेर शोधकार्य तयार पारिएका छन्

। यस अध्ययनलाई अगाडि बढाउनका लागि विधिका रूपमा जनसंख्या प्रतिनिधि नमुनालाई लिइएको छ । त्यसैगरी तथ्याङ्कको विश्लेषणका लागि साङ्खिकीय सूत्रहरु प्रयोगमा ल्याएको छ । यस अध्ययनले प्रतिशतांङक स्थितिका आधारमा विद्यार्थीहरुको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको, मध्यमानका आधारमा पठनबोध क्षमता सामान्य रहेको, स्थानीयताका आधारमा सहरको तुलनामा गाउँका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर देखिएको, लिङ्गका आधारमा छात्राहरुको पठनबोध क्षमता उच्च रहेको विद्यालयको प्रकृतिका आधारमा निजी विद्यालयका तुलनामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठनबोध क्षमता निराशाजनक देखिएको निष्कर्ष निकालेको छ । त्यसैगरी यस अध्ययनले अदृष्टांश पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सन्दर्भ पुस्तक तथा पत्रपत्रिकाहरु विद्यालयामा उपलव्ध गराई विद्यार्थीहरुलाई स्वाध्ययनप्रति प्रेरित गर्नुपर्ने, तालिम अप्राप्त जुनसुकै विषयका विषय शिक्षकद्वारा शिक्षण गर्ने परिपाटीको अन्त्य गरी तालिम प्राप्त विषय शिक्षकद्वारा शिक्षण गरिनु पर्ने जस्ता सुझावहरु दिइएको पाइन्छ ।

शर्मा (वि.सं.२०६५) द्वारा 'दाङ जिल्लाका कक्षा दश मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ । यस अध्ययनमा दाङ जिल्लाको कक्षा दश मा अध्ययनरत विद्यार्थीहरुको दृष्टांश र अदृष्टांश पाठहरुको पठनबोध क्षमता पहिचान गर्नु, स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिक र विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक ढङ्गले पठनबोध क्षमताको स्थिति पहिल्याउनु, उक्त तहका विभिन्न समूह विच पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु र पठनबोध सम्बन्धी देखिएका कमिकमजोरीहरु पहिचान गरी निराकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य रहेको देखिन्छ । उक्त अध्ययनले समग्र पठनबोध क्षमता राम्रो रहको, दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको, दृष्टांश पठनबोध क्षमताको तुलनामा अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको, ग्रामीण विद्यार्थीहरुका तुलनामा सहरी क्षेत्रका विद्यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको, विमातृभाषी विद्यार्थीका तुलनामा मातृभाषी विद्यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष अध्ययनले निकालेको देखिन्छ ।

ढकाल (वि.सं.२०६६) द्वारा 'कक्षा तिन का विद्‌यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ। यस अध्ययनमा कक्षा तिन मा अध्ययनरत विद्‌यार्थीहरुको पठनबोध क्षमता कस्तो छ ? सरकारी र निजी विद्‌यालयमा अध्ययनरत विद्‌यार्थीहरु बीच पठनबोध क्षमता के कस्तो छ ? छात्र छात्राहरुको पठनबोध क्षमता कस्तो छ ? जस्ता समस्याहरुलाई समस्याकथनको रूपमा लिइएको छ । त्यसैगरी कक्षा तिन मा अध्ययनरत विद्‌यार्थीहरुको पठनबोध क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्‌यालयका विद्‌यार्थीहरुको पठनबोध क्षमता पत्ता लगाउनु, छात्र र छात्रा वीचको पठनबोध क्षमता पहिल्याउनु, विद्‌यार्थीमा देखिएका पठनबोध सम्बन्धी कमीकमजोरीहरु पहिचान गरी निराकरणका लागि आवश्यक उपायहरु पहिल्याउनु जस्ता उद्‌देश्यहरु राखिएको छ । यस अध्ययनमा समग्र विद्‌यार्थीहरुको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा १०० प्रतिशत विद्‌यार्थीको ५० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएकाले समग्र विद्‌यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको, अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतका आधारमा गणना गर्दा ८० प्रतिशत भन्दा माथि पठनबोध क्षमतामा विद्‌यार्थीहरुको प्रतिशत २५ रहेकाले पठनबोध क्षमता कमजोर रहेको, दृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशताङ्क गणना गर्दा ८० प्रतिशत भन्दा माथि ५० प्रतिशत देखिनुले समग्र विद्‌यार्थीहरुको दृष्टांश पठनबोध क्षमता सामान्य रहेको देखिन्छ । त्यसैगरी पठनबोध क्षमता, भाषिक क्षमता विकासका लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठनबोध सम्वन्धी क्रियाकलाप समावेश गर्नुपर्ने, विद्‌यार्थीको बौद्‌धिक स्तर र रुचि क्षेत्रको पहिचान गर्नु पर्ने, कक्षा शिक्षणमा शिक्षक मात्र सक्रिय नभई विद्‌यार्थीहरुलाई बढी भन्दा बढी सक्रिय गराउनु पर्ने, तालिम अप्राप्त शिक्षकबाट शिक्षण गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने जस्ता सुझावहरु पेस गरिएको छ।

अधिकारी (वि.सं.२०६७) द्वारा 'तनहुँ जिल्लाका कक्षा दश मा अध्ययनरत विद्‌यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको देखिन्छ। यस अध्ययनमा कक्षा दश मा अध्ययनरत् विद्‌यार्थीहरुको पठनबोध क्षमता, भाषिक पृष्ठभूमिको आधारमा, लिङ्गका आधारमा, विद्‌यालयको प्रकितिको आधारमा र स्थानीयताको आधारमा विद्‌यार्थीहरुको पाठनबोध क्षमता के कस्तो रहेको छ ? जस्ता पक्षहरुलाई समस्याको रूपमा लिइएका देखिन्छ। त्यसै गरी

कक्षा दश मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु, भाषिक, पृष्ठभूमि, लैङ्गिकता, स्थानीयताको आदिको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरु राखेर शोधकार्यहरु गरेका छन् । यस शोधकर्ताका लागि शोधविधिका रूपमा प्रथमिक श्रोत र गौण श्रोतलाई लिएको देखिन्छ । त्यसैगरी स्थानीयताका आधारमा ग्रामीण विद्यार्थीका तुलनामा शहरका विद्यार्थीहरुको पठनबोध क्षमता उच्च रहेको, छात्रका तुलनामा छात्राहरुको पठनबोध क्षमता कमजोर रहेको, नेपाली पहिलो भाषी विद्यार्थीका तुलनामा नेपाली दोस्रो भाषी विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेको जस्ता निष्कर्ष यस अध्ययनले निकालेको छ । यस अध्ययनले कक्षा शिक्षणमा पठनबोध सम्बन्धि क्रियाकलाप समावेश गर्नुपर्ने, पाठ्य पुस्तकहरु विद्यार्थीको रुचि, क्षमता, आवश्यकता तथा बौद्धिक स्तरका आधारमा निर्माण गर्नेपर्ने, गाउँमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, आदि जस्ता सञ्चारका माध्यमद्वारा विशेष शिक्षा दिने व्यवस्था गर्नुपर्ने जस्ता पक्षहरुलाई सुझावका रूपमा पेस गरेको देखिन्छ ।

भुसाल (वि.स.२०६७) द्वारा 'कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको देखिन्छ । यस अध्ययनमा समस्याका रूपमा कक्षा छ मा अध्ययनरत स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयका प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरुको पठनबोध क्षमता के कस्तो छ ? जस्ता कुराहरुलाई समस्याका रूपमा लिइएको छ । यस अध्ययनले कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमता पहिल्याउनु स्थानीयता, लैङ्गिता, भाषिक पृष्ठभूमि, विद्यार्थीको प्रकृतिको आधारमा पठनबोध क्षमताको पहिचान गर्नु, दृष्टाशं र अदृटांश पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेर शोधकार्य तयार पारेका छन् । यस अध्ययनलाई अगाडि बढाउनका लागि बिधिका रूपमा जनसंख्या र प्रतिनिधि नमुनालाई लिइएको छ । त्यसै गरी तथ्याङ्कको विश्लेषणका लागि साङखिकीय सूत्रहरु प्रयोगमा ल्याइएको छ । यस अध्ययनले प्रतिशताङ्क स्थितिका आधारमा विद्यार्थीहरुको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको, मध्यमानका आधारमा पठनबोध क्षमता सामान्य रहेको, स्थानियताका आधारमा सहरको तुलनामा गाउँको विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर देखिएको छ । लिङ्गका आधारमा छात्राहरुको पठनबोध क्षमता उच्च रहेको, विद्यालयको

प्रकृतिको आधारमा निजी विद्यालयका तुलनामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको पठनबोध क्षमता निराशाजनक देखिएको निष्कर्ष निकालेको छ । त्यसैगरी उक्त अध्ययनले अदृष्टांश पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सम्दर्भ पुस्तक तथा पत्रपत्रिकाहरु विद्यालयमा उपलव्ध गराई विद्यार्थीहरुलाई स्वअध्ययन प्रति प्रेरित गर्नुपर्ने, तालिम अप्राप्त जुनसुकै विषयका विषय शिक्षकद्वारा शिक्षण गर्ने परिपाटिको अन्त्य गरि तालिम प्राप्त विषय शिक्षक द्वारा शिक्षण गरिनु पर्ने जस्ता सुझावहरु दिएको पाइन्छ ।

## २.२ अनुसन्धानमा पूर्वकार्यको उपयोगिता

अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बधित कार्यहरु त्यस भन्दा अगाडि के कस्ता खोज, अनुसन्धान र लेखन कार्य भएका हुन् तिनीहरुलाई पूर्वकार्य भनिन्छ । यसरी अनुसन्धानकर्ताले आफुले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्य संग तुलना गरेको विशिष्ट, मौलिक र नवीन एवम् औचित्य सावित गर्न कार्य पूर्वकार्य को समीक्षाबाट नै हुने गर्दछ । यसका अतिरिक्त अनुसन्धानकर्ताले गर्ने लागेको अनुसन्धान कार्य कतिको नयाँ वा पुरानो हो ? कतिको महत्त्वपूर्ण वा महत्वहिन छ ? भन्ने कुराको जानकारी मिल्दछ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा अत्यन्त महत्त्वपूर्ण अङ्ग हो । त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्दत गदर्छ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना, अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविक पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्द गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्रप्त हुने, अनुसन्धानको विषय छनोट बारे सुरु भएर अन्त्य सम्मनै महत्त्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धति को निरुपण गरेर अनुसन्धेय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक, विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ ।

## २.३ भाषा पाठ्य पुस्तकको सैद्धान्तिक परिचय

पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य प्रप्तिका लागि तयार गरिएको साधन नै पाठ्य पुस्तक हो । भाषा पाठ्यक्रमको मूल मर्मलाई आत्मसात गरी तयार पारिएको पाठ्य पुस्तकको रूपमा चिनाउन सकिन्छ । यो शिक्षण सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री पनि हो । यसमा भाषा पाठ्यक्रमको अपेक्षा अनुरुपका भाषिक पाठ्यांशहरुलाई विद्यार्थी को स्तर, अनुभव र सिकाई आवश्यकता ख्याल गरी संगठित गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइएको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यवहारिक कार्यकलाप एवम् प्रक्रियामा ढालेर अपेक्षित उद्देश्य पूर्ती गर्ने सहयोग गर्ने आधिकारिक एवम् भरपर्दो सामग्री हो । वास्तवमा यसको लोकप्रियतालाई मध्यनजर गरी यसलाई मुद्रित शिक्षक समेत भन्ने गरिन्छ । (अधिकारी र शर्मा २०५६:२४०) भाषा पाठ्य पुस्तक भाषिक ज्ञान सीप र दक्षताको अभिवृद्दि गर्ने उद्देश्यले तयार पारिएको हुन्छ । विद्यार्थीको मानसिक एवम् बौद्धिक अवस्थालाई मध्यनजर गर्दै विभिन्न वस्तुका माध्यम बाट भाषिक सिप एवम् व्यवहारमा दक्ष बनाउने कार्यमा भाषा पाठ्य पुस्तक कोसेढुगां सावित हुने देखिन्छ ।

हाम्रो जस्तो गरिब देशमा विद्यालय स्तरसम्म हुने अधिकांश कार्यकलापहरु भाषा पाठ्य पुस्तकमा नै निर्भर रहने निश्चित छ । फेरि तालिम अप्राप्त शिक्षक एवम् दक्ष जनशक्तिको अभावका साथै पर्याप्त शिक्षण सामग्रीको अभावमा भाषा शिक्षणका मूल अभिष्ट परा गर्ने दायित्व वहन गर्नुपर्ने देखिन्छ । त्यसैले भाषा पाठ्य पुस्तकलाई लिखित रूपमा रहेको भाषा शिक्षक अथवा भाषा पाठ्यक्रमकै पुरक वैकल्पिक सामग्रीका रुपमा पनि अर्थ्याउन सकिन्छ । भाषा पाठ्य पुस्तक खासगरी भाषिक सीप र तह अनुसारका रचनात्मक अभ्यास र क्रियाकलाप तर्फ उन्मुख हुनुपर्दर्छ ।

भाषा पाठ्य पुस्तकका बारेमा दिएका परिभाषाहरु त्यति पाइदैनन् । त्यसैलै पाठ्य पुस्तक सम्बन्धि विद्वानहरुले दिएका परिभाषाहरु ख्याल गर्दै भाषा पाठ्य पुस्तकका परिभाषाहरु निर्क्योल गर्नुपर्दछ । पाठ्य पुस्तक सम्बन्धी केही परिभाषाहरु निम्नानुसार छन् :

“पाठ्य पुस्तक कुनै निश्चित तहका विद्यार्थीहरुका लागि निश्चित विषयका पाठहरुको संग्रह गरिएको हुन्छ । पाठ्य पुस्तक विद्यालयमा प्रयोग गरिने त्यो स्तरीय किताब हो । जुन अलग अलग विषयका हुन्छन् ।”(लङ्गम्यान डिक्सनरी अफ कन्टेम्प्ररी ईङलिस १९९३:१०९५) “पाठ्य पुस्तक भनेको कुनै निश्चित तहमा खास विषयका पाठ्यांशको व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाईमा प्रयोग गरिने प्रमुख स्रोत र सामग्री हो ।” (गुण १९५९:५६५ ६८) “पाठ्य पुस्तक भनेको शिक्षण सामग्रीको एक प्रकार हो, जसले शिक्षण सिकाइ प्रक्रियाका लागि साधनको काम गर्दछ । यो विद्यालय, महाविद्यालय, विश्वविद्यालय र घरमा पनि व्यापक रुपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्री हो ।” (तेजना १९६३:६) पाठ्यकममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्य पुस्तक हो ।”(अधिकारी र शर्मा २०५६:५०) भाषा पाठ्य पुस्तक पाठ्यकमद्वारा निर्धारित लक्ष्य पुरा गर्न आवश्यक शिक्षण सिकाइ कियकलाप संचालनका लागि सहयोग गर्ने प्रमुख साधन हो ।” (ढुङ्गेल र दाहाल २०५६:५०) “विद्यालय एवम् विद्यार्थीहरुमा विद्यार्थीहरुलाई औपचारिक तवरले पढाइने पुस्तक नै पाठ्य पुस्तक हो ।”(वृहत नेपाली शब्दकोश २०५६:५०)

माथिका विभिन्न परिभाषाका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने पाठ्य पुस्तक भनेको पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न सिकारुका आवश्यकतालाई सम्बोधन गर्न नवीन विषयको जानकारी दिन तथा योजनावद्ध शिक्षण गर्न सहयोग गर्ने अधिकारिक एंवम् महत्त्वपूर्ण सामग्री हो । यसलाई विद्यालय तहका औपचारिक शिक्षण तथा सर्न्दभत : अनौपचारिक शिक्षण सिकाइ समेतको एउटा भरपर्दो व्यवस्थित एवम् सर्वाधिक महत्वपूर्ण शिक्षण सामग्रीको रूपमा पनि चिनाउन सकिन्छ ।

## २.३.२ भाषा पाठ्य पुस्तकमा राखिएका विधाहरु

भाषा पाठ्य पुस्तकमा विधागत विविधता हुनुपर्छ । उक्त विधाहरुको सम्बन्धलाई पनि ख्याल गर्नुपर्दछ । भाषिक सीपको अभ्यासका लागि विधागत विविधता र तिनका प्रस्तुति महत्त्वपूर्ण ठहर्दछ । साहित्यका र साहित्येतर दुवै क्षेत्रका विषय वस्तुलाई विधागत स्वरूपमा बाँधी शिक्षण सिकाइमा रोचकता र नवीनता ल्याउन वान्छनीय ठहर्दछ । विद्यार्थीहरुको उमेर,

रुचि, स्तर एवं तह जस्ता कुराहरुलाई मध्यनजर गरी विषयवस्तु चयन गर्नुपर्दछ । तल्ला कक्षा र माथिल्लो तहका कक्षामा वितरण गरिने विधामा तिनको प्रस्तुति संरचना, लम्बाई, जटिलता,आदि पक्षहरुमा सूक्ष्म रूपले ध्यान पुऱ्याउनु पर्दछ । तल्ला कक्षामा छोटा गीत एवं लयात्मक कविता र स-साना लोककथा, पाँच-सात अनुच्छेद सम्मका प्रबन्धहरु वितरण गर्नुपर्दछ । क्रमशः माथिल्ला तहका कक्षामा कविता, कथा, नाटक, निबन्ध, प्रबन्ध, जीवनी, सम्वाद, बादविबाद, जस्ता विधाहरुका संरचना र प्रस्तुतिलाई कस्दै लैजानु उचित हुन्छ ।

## २.३.२.१ कथा सैद्धान्तिक परिचय

साहित्यका विभिन्न विधाहरु मध्ये आख्यान विधा अर्न्तगत समेटिने कथाको जन्म मानव सभ्यताको प्रारम्भसँगै भएको हो । मानव सभ्यताको आरम्भसँगै मानिसले जीवनका विविध घटना, पीडा, हाँसो, खुसी एक आपसमा मौखिक रूपमा प्रकट गर्दै जाने क्रममा कथाको सुरुवात भएको मान्न सकिन्छ । यसरी हेर्दा लोक कथा दन्त्य कथालाई आधुनिक कथाको पृष्ठभूमिका रूपमा हेर्न सकिन्छ । अत : कथा सुन्ने र सुनाउने परम्परा धेरै पहिले देखि रहेको हुनाले विश्व साहित्यको इतिहास सँगै कथाको यात्रा अत्यन्त प्राचिन मानिन्छ । पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अति प्राचीन देखिए तापनि आधुनिक साहित्य शास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य जगतमा १९औं शताव्दीदेखि प्रारम्भ भएको हो । यसको जन्म अमेरिका एडभर एलेन पो ले गरेका हुन् । त्यसैले आज कथाको नामले अभिन्न रूपमा परिचित हुने विधा प्राचीन लोककथा नभएर आधुनिक कथा हो । गद्य भाषाको किस्सा तथा कथात्मक निवन्धको समिकरणबाट वास्तविक आधुनिक कथा विधाको जन्म भएको हो । त्यसपछि यसको विकास जुन गतिमा द्रूत रूपले हुदै गयो यो सैद्धान्तिक संरचना मा रूपायित भयो र आज एक अतिप्रिय तथा प्रभावकारी साहित्य रूप भएर विश्वभरि नै जगमगाएको छ ।

संस्कृतको ‘कथ्’ धातुमा ‘अच्’ प्रत्यय लागेर कथ् बनेपछि ‘कथ्’मा ‘आ’ प्रत्यय लागेर कथा प्रत्यय लागेर कथा शब्द तयार हुन्छ । जसको व्युत्पतिगत अर्थ केहि कुरा भन्नु कहनु वा कथेर बताउनु भन्ने बुझिन्छ । अंग्रेजीमा सर्ट स्टोरी भनि यस शव्दलाई हिन्दिमा कहानी र

बंगालीमा गल्फ भन्ने गरिन्छ । युग र समयानुसार कथाको विभिन्न शब्द र अर्थहरु बिकसित हुँदै आएको पाइन्छ । कथाले युगीन परिवेश र परिवृतका अवस्थालाई बहन गर्दछन् र आख्यानात्मक संरचनाको रूपमा रहेको कथाले साहित्यिक विधाका रूपमा विशेष महत्त्व राखेको पाइन्छ । कथा कुनै शास्त्रीय नियम वा लक्षणहरु सित आवद्द परम्परागत विधा होइन । आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको लचिलो अथवा परिवर्त्य साहित्यिक रूप हो । स्वभावतः अन्य मुख्य मुख्य विधाहरु भन्दा कान्छो विधाको रूपमा विकसित भएर होला यसले निकै चतुर्याईका साथ अन्य विधाका गुण र स्वभावहरुलाई आफु भित्र स्वायत गरेर आफुलाई बलियो बनाउदै लगेको छ ।

मान्छेको सिर्जनाको प्रारम्भिक प्रहरदेखि नै यसले आफ्नो निजी संवेदना, सवेग तथा अनुभूति उत्कण्ठा र उमङ्गहरु आफ्ना वरिपरिका मान्छेलाई भन्दै सुनाउदै आख्यान अभिव्यक्तिलाई मजबुत बनाएको पाइन्छ । समयको परिवर्तनसँगै कथा तत्त्वले लोककथा, बैद्धिक कथा, पौराणिक कथा, नीति कथा रोमान्सेली तथा मनोरन्जनात्मक र आधुनिक कथासम्म पनि कथा शब्दको अर्थ अभिव्यक्त हुन पुगेको पाइन्छ । कथा मानिसको भाषिक अभिव्यक्तिको विकास सँगै मौलाउदै झाङ्गिएर वर्तमानमा एक सशक्त विधाका रूपमा स्थापित भएको छ । अलिखित लिखित स्तरका कुनै न कुनै रूपमा आफ्नो आकार ग्रहण गर्दै युगिन परिवर्तन सँगै संरचनात्मक परिवर्तनका साथ आफ्नो स्पष्ट पहिचान कायम गर्न सफल भएको छ ।

कालगत अभिव्यक्ति को सबैभन्दा पुरानो (मानव सभ्यताको प्ररम्भ सँगै देखा परेकाले) र सवैभन्दा नयाँ (सजग र कलात्मक दृष्टिबाट १९औं शताब्दीमा मात्र विकास भएकाले) माध्यम कलाका रूपमा रहेको कथाको पृष्ठभूमि लोककथा तथा दन्त्यकथालाई लिन सकिन्छ भने पूर्वीय साहित्यमा रहेका वेदका संक्षिप्त सूत्र तथा संस्कृत वाङ्मयको सुरक्षित आख्यान भित्र कथाका वीज तत्त्व रहेका छन् । त्यस्तै व्यास र वाल्मीकिको रामायण र महाभारत आख्यान साहित्यका उपजीन्य ग्रन्थ भएर उपस्थित हुन्छन् । भने पश्चिम कथा परम्पराको सर्वप्राचीन नमुना मिश्र सभ्यतासंगै गाँसिएका इजिप्टका २ दाजुभाइका जादुगरका कथा, आचरण ग्रन्थ ओल्डटेस्टामेण्ट जस्ता प्रारम्भिक कृतिलाई लिन सकिन्छ । त्यस्तै होमरका इलिपड र ओडिसी तथा प्लेटो र

सुकरातका संम्वाद सुक्ती, उपदेश, विचार आदिमा पनि आख्याङ तन्तुहरु पाउन सकिन्छ । यसरी प्रचिन समय देखि देखा परेको र १९औं शताव्दी पछि विश्व साहित्यमा आख्यान साहित्य अर्न्तगतको एक प्रमुख विधाका रूपमा कथा विधालाई लिन सकिन्छ ।

कथाको मूल पक्ष भनेकै आरम्भ र अन्त्य हो । यसको स्वतः आकर्षण र प्रभावोत्परक बनाउन सक्नुपर्दछ । अन्य विधा जस्तै कथाको पनि आफ्नै संरचना हुन्छ । त्यसलाई सहि ढङ्गले प्रयोग गरे मात्र कथाको निमार्ण हुन सक्छ । वास्तवमा कथाको निश्चित विन्दुमा रहेर कथाकारले रुचिक्षेत्र प्रयोग गरी तयार पारिएको संक्षिप्त तर पूर्णरूपले लेखिएको विधालाई कथा भनिन्छ । कथामा जीवनको कुनै एक महत्त्वपूर्ण खण्ड वा अंशको घटनालाई चित्रण गरिन्छ र सु-सम्वाद र परम्परा श्रृङ्खलित आयतनमा पूर्णता ल्याएको हुन्छ र ल्याउनुपर्छ पनि । कथाले कुनै एउटा विशेष कार्य वा स्थितिको निरुपण गर्दछ । कथामा पाठकको मनमस्तिष्कमा विशेष प्रभाव उत्पन्न गर्न कलात्मकतालाई स्थान दिइन्छ । कथामा व्यक्तिको मात्र नभएर सिङ्गो समाजको पनि चित्रण गरिन्छ । जे होस आदि, मध्य र अन्त्यका साथ  विकसित भइ मानवीय जीवनको आंशिक कलात्मक प्रस्तुति गर्ने कथाको मानवीय सभ्यता देखि नै प्ररम्भ भई समयको परिवर्तन संगै पूर्ण संरचनाका साथ आफुलाई सैद्धान्तिक रूपमा स्थापित गर्दै वर्तमान सन्दर्भमा समेत प्रचलित विधाका रूपमा कथाले आफुलाई स्थापित गरेको छ ।

साहित्यका अन्य विधा जस्तै कथा विधामा पनि विद्वानहरुले विभिन्न मापदण्ड तय गरेर यसलाई परिभाषित गर्ने काम गरेका छन् । कथा अत्यन्तै लचिलो र परिवर्त्य विधा भएकाले कथालाई निश्चित परिभाषामा बाँध्न सकिदैन । तापनि आधुनिक कथाको प्रारम्भ संगै विभिन्न विद्वान समीक्षक तथा स्वयंम् कथा स्रस्टाहरुले कथाको परिभाषा दिने क्रममा आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् तर कथाको परिभाषालाई कुनै एउटै मात्र परिभाषाले बाँध्नु युक्तिसंगत नदेखिने पूर्विय तथा पाश्चात्य विद्वानहरुको परिभाषालाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

## पाश्चात्य विद्वानहरुका मतमा कथा

"कथा भनेको एउटा यस्तो आख्यानात्मक कृति हो जुन छोटो हुनाले एकै बसाइमा पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सवै कुराहरु यसमा रहन दिइदैन यो आफैमा पूर्ण हुन्छ ।" (एडगर एलेन पो) "कथा भनेको मानव जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको अवस्थापूर्ण उद्घाटन हो ।" (मेक्सिम गोर्की) "बीस मिनेटमा पढ्न सकिने कुनै एक सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा हो ।" (एच.जी.बेल्स) "कथा कुनै एक चरित्रको जीवनको कुनै एक मार्मिक प्रसंङ्गको नाटकीय रुपमा गरिएको प्रस्तुतीकरण हो ।" (जे.डब्ल्यु. लिन) "आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो यो एउटा चलाखीपूर्वक योजनागरिएको कलात्मक उपलव्धि हो ।"(आर.के लगू) "एक पल्ट तयार भइ सकेको मानसिक स्थिरता भङ्ग नभई एकै बसाईमा सजिलैसित पढिसकिने आख्यानात्मक रचना कथा हो ।" (विलियम हेनरीहड्सन)

## पूर्विय विद्वानहरुका मतमा कथा

"छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा एउटा सानो संसार चिहाइन्छ......थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो...... यो जतिको समाज सुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरु छदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सवै रस निकाल्न सकिन्छ...... यसमा कला छ......यसको ढङ्ग नाटकीय हुन्छ चट्ट जीवनलाई एक दृश्यमा हुन्छ ।" (लक्ष्मी प्रसाद देवकोटा) "एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्यहुनाले कथा एक प्रमुख पात्रको जीवनीको कुनै एक अंङ्गको र त्यस सम्बन्धि कुनै एक घटना वा भावदशाको मात्र उध्घाटन गर्दछ ।"(ईश्वर बराल) "जीवनमा आइपरेका घटनाहरुका स्मृती नै कथा हो । "(गोविन्द बहादुर मल्ल गोठाला) "कुनै एउटा जीवनको संकटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो । कथामा द्वन्द हुनुपर्छ ।"(गुरु प्रसाद मैनाली) "लघुकथा स्वतः स्फुर्त कथा हो जसमा एक तथ्य र प्रभाव अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरु आवश्यक उत्थान पतन र मोडका साथै पात्रहरुको चरित्रमाथि

प्रकाश पार्ने वर्णन गर्नुहोस ।"(गुलाव राय) "सत्य घटनामा आधारित आख्यान कथा हो ।" (मामह)

यसरी यी परिभाषाहरुलाई नियाल्दा निष्कर्षमा युगजीवनको महत्त्वपूर्ण घट्नालाई लिएर सजिव पात्रका माध्यमबाट प्रस्तुत गद्यमय कलात्मक अभिव्यक्ति नै कथा हो जुन निश्चित संरचनामा आवद्द प्रभाविन्तिपूर्ण कलात्मक र सक्षिप्त तर आफैमा पूर्ण हुन्छ र यसमा स्थापित मूल मान्यताका साथै युग अनुसारको मूल्य मान्यता प्रकट हुन्छ भनी कथाको परिभाषाको बिट मार्न सकिन्छ ।

### २.३.३ बोधगम्यताको परिचय

'बोध' भनेको कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर त्यसको मूल आशयलाई बुझ्नु हो (नेत्र एटम) । नेपाली भाषाको क्षेत्रमा 'बोध' शब्द ज्ञान अर्थ दिने 'बुध' धातुबाट धञ प्रत्ययको योगले बनेको हो । त्रि.वि नेपाली शिक्षकहरुको प्रथम अधिवेशन कार्यपत्र (२०३४:११२) । बोध र गम्य शब्दमा ता प्रत्यय लागेर बोधगम्यता बनेको हो । बोधको अर्थ पढेर वा सुनेर बुझ्ने क्षमता वा सीप हो । बोधगम्यता भन्नाले बुझ्न सकिने वा सम्झनामा आउने गुण भन्ने बुझिन्छ ।

बोधगम्यताको निमित्त पाठ्य पुस्तकमा विषयवस्तु प्रस्तुत गरिन्छ, जसका आधारमा विद्यार्थीहरु भाषाका विविध सीप तथा पक्षमा दक्षता हासिल गर्दछन् । विद्यार्थीको अनुभव क्षमता भन्दा उच्च स्तरको पाठ्य सामग्री प्रयोग गरेमा उनीहरुको भाषिक क्षमता हासिल गर्ने उत्साह हराउँछ । किनकी भाषाकै माध्यमबाट अन्य विषय पनि सिकाइन्छ ।

पाठ्य पुस्तकमा अभिव्यक्त गरेको अर्थ वा विभिन्न तत्त्वहरुलाई पाठकले आफ्नो मष्तिष्कमा धारणा गर्दछन् । यसले गर्दा लेखकको आशयलाई विगारेर बुझ्न वा पटक्कै नबुझ्ने समेत सम्भावना हुन्छ । अतः बोधगम्यता पाठन सामग्रीको त्यो बुझ्न सकिने गुण हो जसका आधारमा उपलव्धी समेत प्रदर्शित होस् (डिस्नरी अफ साइकोलोजी १९९५:३९) ।

विशिष्ट बोधले चाँही नेपाली भाषामा अभिव्यक्त साहित्यिक वा साहित्यिक देखि बाहेकका ज्ञानविज्ञानका शाखाहरु दर्शनशास्त्र, समाजशास्त्र सञ्चार प्रशासन, कलाकारिता विज्ञान तथा प्रविधि, चिकित्सा शास्त्र बाणिज्य अर्थशास्त्र आदिसंग सम्वन्धित विशिष्ट बौद्दिक सामग्रीहरुमा अन्तर्निहित भाव वा मर्म ग्रहण गरी त्यसको बिश्लेषणात्मक प्रकटीकरण भन्ने बुझाउँछ । बोधका लागि पाठ नै सम्पूर्ण कुरा हुने भएकोले पाठकै माध्यमबाट त्यसको सारभूत कुरा झिक्ने काम यसमा गरिन्छ ।

# अध्याय तिन

# अध्ययन विधि

कुनै पनि अनुसन्धान व्यवस्थित एंवम् औपचारिक कार्य भएकोले सो कार्यलाई अगाडि बढाउनको लागि सोही विषयसँग सम्बन्धित खास विधिहरुको उपयोग गरिएको हुन्छ ।अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सवैभन्दा महत्त्वपूर्ण विषय हो ।

प्रस्तुत शोधकार्यमा कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको बोधगम्य क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाटै स्पस्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरुलाई नै महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास वाञ्छनीय ठानिएको छ ।

कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुसँग सोझै सम्बन्धित भएकोले उनीहरुलाई नै केन्द्रविन्दु मानी मुलत : क्षेत्रीय अध्ययन विधिलाई आधार बनाइ अध्ययनलाई अगाडि बढाएको छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउनका लागि जनसंख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क संकलनकालागि सामग्री निर्माण परीक्षणको कार्यान्वयन, संकलित तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता क्षेत्रीय अध्ययन विधिको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको छ । अध्ययनको सिलसिलामा अबलम्बन गरिएका विधि एवंम् प्रकियाको रूपरेखालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

## ३.१ जनसङ्ख्या

कुनै पनि कुराको अध्ययन तथा विश्लेषण गर्नका लागि जनसंख्याको प्रमुख भूमिका रहेको हुन्छ । प्रस्तुत अध्ययन 'बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन' अन्तर्गत बोधगम्यता क्षमता पहिल्याउने कुरामा केन्द्रित छ । हाल नेपाल अधिराज्यमा प्रचलनमा रहेको विद्यालय व्यवस्थापन अनुसार शैक्षिक सत्र २०७०/७१ को कक्षा नौ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई प्रस्तुत अध्ययनको लागि जनसङ्ख्या नमुनाको रूपमा लिइएको छ तर यो सानो अध्ययनको क्रममा सम्पूर्ण विद्यार्थीहरुलाई समेट्न असम्भव ठानी उद्देश्य प्राप्तीका लागि कक्षा नौ मा अध्ययनरत झापा जिल्लाका ३ निजी र ३ सामुदायिक गरी ६ विद्यालयका १० (५छात्र/५छात्रा) का दरले ६० विद्यार्थीहरुलाई जनसंख्या नमुनाको रूपमा लिइएको छ ।

## ३.२ प्रतिनिधि नमुना

कुनै पनि अनुसन्धानको लागि नमुना छनोट एउटा आधारभूत आवश्यकता हो । किनकि यसैको आधारमा अध्ययनको वस्तुगतता तथा विश्वसनियता माथि भरोसा गर्न सकिन्छ । त्यसैले नमुना छनोट अनुसन्धानको आधार स्तम्भ हो । यसमा पनि भौगोलिक विकटता समयको सीमितता आार्थिक कठिनाई जस्ता समस्याका कारण नमुना छनोट पूर्ण निष्पक्ष हुन्छ भन्न पनि सकिन्न । प्रस्तुत शोधकार्यको लागि नमुना छनोट गर्दा उक्त कुरालाई ध्यानमा राखी अनुसन्धानकर्ताद्वारा नेपालभरीका जिल्लाहरु मध्ये भौगोलिक विविधता तथा जातियताका आधारमा झापा जिल्लामा मात्र सीमित रहेको छ ।

यसरी नमुना छनोट गरिएको झापा जिल्लाको सामुदायिक ३ विद्यालय र निजी ३ विद्यालय गरी ६ विद्यालयका कक्षा नौ मा अध्ययनरत ६० विद्यार्थीहरुमा १ विद्यालय बराबर १० का दरले बोधगम्यताको परीक्षण गरियो ।

बोधगम्यता अध्ययनको लागि कक्षा नौ का विद्यार्थीहरुको भाषिक प्रयोग हेर्न हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरुबाट बोधमूलक प्रश्न तयार गरिएको थियो उक्त पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु सामुदायिक र निजी विद्यालय मध्ये कसका लागि बढी उपयुक्त छ भनि हेर्नका लागि विद्यालय छनोट गरियो । जस अनुसार विद्यालयलाई सामुदायिक र निजी गरी २ भागमा विभाजन गरियो । प्रत्येक विद्यालयका छात्र-छात्रा मध्ये ५ छात्र र ५ छात्रा गरेर १० विद्यार्थी लिइयो । त्यसमा पनि पहिलो भाषी ५ र दोश्रो भाषी ५ हुने गरी छनोट गरियो । ती छनोट गरिएका विद्यालयहरु निम्न छन् ।

तालिका नं ३.१ विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरुको छनोट

| सि.नं. | विद्यालयको प्रकृति | विद्यालयको नाम | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | सामुदायिक | पुँहातु जनज्योती मा.वि. चन्द्रगढी | १० |
| २. | " | शहिद दशरथ चन्द उ.मा.वि. चारआली | १० |
| ३. | " | सरस्वती मा.वि. अनारमनी | १० |
| ४. | निजी | एकता एकेडेमी चन्द्रगढी | १० |
| ५. | " | लिटल एन्जल्स इ.बो.इ. चारआली | १० |
| ६. | " | सेन्ट पल्स आ.वि. चारआली | १० |
| जम्मा | | | ६० |

## ३.३ सामग्री निर्माण

कुनै पनि शोधकार्यलाई अगाडि बढाउनका लागि सर्वप्रथम अध्ययनको प्रकृति अनुसार सामग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनको लागि हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरु चयन गरी विद्यार्थीको स्तरलाई ध्यानमा राखी अनुच्छेद छनोट गरी प्रश्नपत्र तयार गरियो । ती प्रश्नहरु तिन अनुच्छेदमा जम्मा ४५ थिए । प्रश्नपत्र खाली ठाँउ भर्नुपर्ने थियो ।

निष्कर्षमा भन्नुपर्दा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाहरुको बोधगम्य क्षमता विद्यार्थीमा कति रहेछ भनेर तुलनात्मक रुपमा परीक्षण गर्नु थियो । यो परीक्षण विश्वसनिय होस् भन्नका खातिर क्लोज परीक्षण विधि अपनाइयो ।

## ३.४ परीक्षणको कार्यान्वयन

प्रस्तुत अध्ययनका लागि परीक्षणीय सामग्रीहरुलाई अन्तिमरूप प्रदान गरिसकेपछि सम्वन्धित विद्यालयमा गइ प्रधानाध्यापकसँग एवम् सम्वन्धित विषय शिक्षकहरुसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरु उपलव्ध गराइदिनुहुन अनुरोध गरियो । त्यस पछि परीक्षणका क्रममा विद्यार्थीहरुलाई स्वतन्त्र रूपमा आफ्नो क्षमता प्रस्तुत गर्नका लागि सहज वातावरण बनाउने उद्देश्यले केही समय परिचय तथा पढाइ सम्वन्धि विषयमा कुराकानी गरियो । त्यसपछि विद्यार्थीहरुलाई शान्त, स्वच्छ, स्वतन्त्र एवम् भयरहित वातावरण सिर्जना गर्नका लागि परीक्षा संचालनपूर्व परीक्षणबाट प्राप्त अङ्कलाई गोप्य राखिने कुरामा विश्वस्त पारियो । परीक्षाबाट प्राप्त अंकलाई बढी भन्दा बढी विश्वासनीय र वैद्य बनाउनका लागि मर्यादा विपरित विद्यार्थीहरुबाट हुन सक्ने सम्भावित अनियमित क्रियापलाप प्रति विशेष सजगता अपनाइ परीक्षणपूर्व सञ्चालनको क्रममा उनीहरुले पालना गर्नुपर्ने नियमहरुको बारेमा अवगत गराइयो । त्यसपछि परीक्षाको समयावधि तयार गरी परीक्षा संचालन गरियो ।

परीक्षाको अवधिभर कक्षाको वातावरणलाई खलबल पुऱ्याउने तत्त्वहरुलाई पूर्णत नियन्त्रण गरिएको थियो । परीक्षाको न्यूनतम समय नतोकिएता पनि अधिकतम १ घण्टाको समय दिइएको थियो भने छुट्टै उत्तरपुस्तिकामा उत्तर दिने व्यवस्था नमिलाई प्रश्नपत्रमा नै उत्तर लेख्ने व्यवस्था मिलाइएको थियो । तोकिएको समयावधि सकिएपछि उत्तर पुस्तिका संकलन गरिएको थियो ।

### ३.५ तथ्याङ्कको सङ्कलन तथा विश्लेषण

सामग्री निर्माण गरी सम्पन्न गरिएको परीक्षणबाट विद्यार्थीहरुले प्राप्त गरेको अङ्क नै यस अध्ययनको तथ्याङ्क हो । उपयुक्त परिक्षण पश्चात उत्तर कुञ्जिका तयारीका साथ उत्तरहरुको कठोर अङ्कन विधिका आधारमा परीक्षण गरियो । हरेक ठीक उत्तरका लागि एक (१) अङ्क र बेठीक उत्तरका लागि शून्य (०) अङ्क दिइयो । सम्पूर्ण ठीक उत्तरहरुको गणना गरी उत्तर कुञ्जिकाको सिरानमा जम्मा प्राप्ताङ्क अङ्कित गरियो । परीक्षण गरिएको उत्तरकुञ्जिकाहरुलाई क्रमानुसार राखियो । यसरी प्राप्त अङ्कहरुलाई विद्यालयको प्रकृति भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा चलहरुको मान निकाली तालिकाबद्ध गरियो ।

उक्त अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरुको व्याख्या विश्लेषणका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजाको आधारमा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान निकालिइयो । प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरुमध्ये उक्त मध्यमान भन्दा कति प्रतिशत माथि वा तल छन् भनेर गणना गरियो र उद्देश्यानुरूप बोधगम्यताको क्षमता हेर्न पनि त्यहि प्रकिया अंगालियो । यसरी नै उच्चतम स्थानमा पर्ने तथा न्युनतम स्थानमा पर्ने विद्यार्थीहरुको वास्तविक संख्या पत्ता लगाउन पनि प्रतिशतको प्रयोग गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरुको स्थिति अवलोकन गरियो । समूहगत र समग्र आधारमा विद्यार्थीहरुको प्राप्ताङ्कमा के–कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालिइयो ।

यस अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरु निम्न रहेका छन्:

क) प्रतिशताङ्क गणना गर्न उपयोगितामा ल्याइएको सूत्र $p=\frac{R}{T}\times 100$

यहाँ P= प्रतिशत

R= तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T= विद्यार्थी सङ्ख्या

ख) मध्यमान निकाल्न प्रयोगमा ल्याइएको सूत्र —

यहाँ मध्यमान

हरुको मुल योग

N= जम्मा सङ्ख्या

X= तथ्याङ्कलाई जनाउने

ग) मानक विचलन गणना गर्न प्रयोगमा ल्याइएको सुत्र

$$\sigma = \sqrt{\frac{\Sigma x^2 - ((\Sigma x)^2/N)}{N}}$$

यहाँ = मानक विचलन

= सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

=प्राप्ताङ्कको कुल योग

N =परीक्षार्थीको सङ्ख्या

$^2$ = प्राप्ताङ्कको कुलयोगको वर्ग

घ) Z मान गणना गर्दा प्रयोगमा आएका सूत्र

$$Z = \sqrt{\frac{\overline{X}_1}{\frac{\delta^2{}_1}{n_1}}}$$

यहाँ,

$\overline{X}_1$= पहिलो समूहको मध्यमान

$\overline{X}_2$= दोस्रो समूहको मध्यमान

$S_1$= पहिलो समूहको मानक बिचलन

$S_2$= दोस्रो समूहको मानक बिचलन

$n_1$= पहिले समूहको जम्मा सङ्ख्या

$n_2$= दोस्रो समूहको जम्मा सङ्ख्या

# अध्याय चार

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको बोधगम्यता क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि अध्याय तिनमा उल्लेख गरिएको अध्ययन विधि बमोजिम विभिन्न ठाउँमा विद्यालयहरुमा लिइएको परीक्षणबाट आएका आवश्यक तथ्याङ्कहरुलाई विश्लेषण गर्नका लागि व्यवस्थित गरियो । विश्लेषणका लागि अपनाएका विभिन्न विधि तथा प्रविधिहरुको वर्णन तथा तिनले दिइएका निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ ।

४.१ हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरुको सरल र जटिल क्रमको विवरण ।

हाम्रो नेपाली किताब कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाहरुको कठिनाइ स्तर

तालिका नं. ४.१

| क्र.स. | पाठको क्रमानुसार अनुच्छेद झिकिएको पाठ | प्रति अनुच्छेद प्रश्न संख्या | प्रति अनुच्छेद ठीक उत्तर संख्या | मध्यमान संख्या | उपलब्धि प्रतिशत | जटिलताको क्रम बढ्दो क्रममा |
|---|---|---|---|---|---|---|
| १ | शिशिर वसन्तको कथा | १६ | ६९७ | ११.६१ | ७२.६०% | २ |
| २ | भविष्य निर्माण | १४ | ६४० | १०.६६ | ७६.१९% | १ |
| ३ | खड्ग बहादुर | १५ | ६२० | १०.३३ | ६८.८८% | ३ |

सहभागी संख्या-६०

संकेत : २ सबैभन्दा सजिलो र ३ सबैभन्दा जटिल

माथिको तालिकाले हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरुको सरल र जटिल क्रमलाई स्पस्ट पारेको छ । क्रम सङ्ख्यामा  राखिएका पाठहरु क्रमशः दोश्रो, दशौ र छौटौ अनुच्छेदबाट झिकिएको थियो । जम्मा ३ कथा समावेश भएको उक्त पुस्तकमा समावेश गरिएका कथाहरुको सरल र जटिल क्रम तिनको उपलब्धि प्रतिशतका आधारमा आंकलन गरिएको छ । उक्त प्रतिशत क्रमशः ७६.१९, ७२.६०, ६८.८८ रहेको छ । यहि प्रतिशतका आधारमा कथाहरुलाई सरलबाट जटिल क्रममा राख्दा परिक्षण गरिएको ३ कथाहरुमा भविष्य निर्माण, शिशिर बसन्तको कथा, र खड्गबहादुरका रुपमा रहेको पाइयो ।

### ४.२.१ मध्यमान तथा प्रतिशत गणनाका आधारमा समग्रता बोधगम्यताको स्थिति

तलिका सं. ४.२.१

| कुल सङ्ख्या | समग्र मध्यमान | समूह | समूह गत | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ७२.४८ | भषिक पृष्ठभूमि | | | | | |
| | | भाषा १ | ३० | २२ | ७३.३३ | ८ | २६.६६ |
| | | भाषा २ | ३० | १० | ३३.३३ | २८ | ६६.६६ |
| | | लिङ्ग | | | | | |
| | | छात्र | ३० | १६ | ५३.३३ | १४ | ४६.६६ |
| | | छात्रा | ३० | १६ | ५३.३३ | १४ | ४६.६६ |
| | | विद्यालयको प्रकृति | | | | | |
| | | सामुदायिक | ३० | १३ | ४३.३३ | १७ | ५६.६६ |
| | | निजी | ३० | १९ | ६३.३३ | ११ | ३६.६६ |

प्रस्तुत तालिकामा  विद्यार्थी सङ्ख्या ६० र समग्र मध्यमान ७२.४८ लाई आधार बनाइ विभिन्न समूहको प्रस्तुत पाठ्य पुस्तकका प्रयुक्त कथाको बोधगम्यताको स्थिति प्रस्तुत गरिएको

छ । भाषिक पृष्ठभूमिको दृष्टिले पहिलो भाषा नेपाली हुने र पहिलो भाषा नेपाली नहुने विद्यार्थीहरुको संख्या क्रमशः ३०/३० समावेश गरिएको थियो । समग्र मध्यमान ७२.४८ लाई आधारविन्दु बनाएर विश्लेषण गर्दा पहिलो भाषा तर्फ २२ अर्थात ७३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ८ अर्थात २६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । त्यसै गरी नेपाली दोश्रो भाषा हुने विद्यार्थीहरु मध्ये १० अर्थात ३३.३३ प्रतिशत मध्यमानभन्दा माथि तथा २० अर्थात ६६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । यी तथ्यहरुलाई दृष्टिगत गर्दा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरु मध्ये बढीले तुलनात्मक रूपमा निर्दिष्ट पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु बुझ्न सक्ने देखिए पनि विद्यार्थीहरुलाइ प्रर्याप्त मात्रामा बुझ्ने संकेत देखिदैन । उक्त पुस्तकमा प्रयुक्त कथाहरु दोश्रो भाषा नेपाली हुने विद्यार्थीहरुका लागि पर्याप्त मात्रामा बुझ्न सकेको देखिदैन । उक्त पुस्तकमा प्रयुक्त कथाहरु दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरुका लागि त कठिन देखिन्छ नै साथै नेपाली पहिलो भाषा हुने ठुलो प्रतिशत विद्यार्थीहरुका लागि पनि त्यही स्थिती रहेको पाइन्छ ।

लिङ्गगत दृष्टिले पाठ्य पुस्तकका प्रयुक्त कथाहरुको बोधगम्यता क्षमता परीक्षणका लागि छात्र तथा छात्रातर्फ कमश ३०/३० विद्यार्थीहरु समावेश गरिएका थिए । समग्र मध्यमान ७२.४८ लाई आधार विन्दु बनाएर विश्लेषण गर्दा छात्रातर्फ १६ अर्थात ५३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथी र १४ अर्थात ४६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउदा छात्र तर्फ सन्तोषजनक नै पाइको छ । छात्रा तर्फ १६ अर्थात ५३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेका र १४ अर्थात ४६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । उपरोक्त तथ्यलाई केलाउदा कक्षा नौ को नेपाली पुस्तकमा प्रयुक्त कथाहरुको बोधगम्यता क्षमताको छात्रहरु र छात्राहरु बीच तुलना गर्दा समान बोधगम्यता क्षमता रहेको पाइयो ।

विद्यालयको प्रकृतिका दृष्टिले समग्र मध्यमान ७२.४८ लाई आधार बिन्दु मानेर ब्याख्या विश्लेषण गर्दा सामुदायिक विद्यालय तर्फ १३ अर्थात ४३.३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि र १७ अर्थात ५६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । उक्त

तथ्यलाई दृष्टिगत गर्दा सामुदायिक विद्यालयका बहुसंख्यक विद्यार्थीहरुका लागि कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाहरु कठिन रहेको पाइन्छ । यस कुरालाई अल्पसंख्यक विद्यार्थीहरु मध्मान भन्दा माथि र बहुसंख्यक विद्यार्थीहरु मध्यमान भन्दा तल रहेको तथ्य ले स्पष्ट पार्छ । निजी विद्यालय तर्फ हेर्दा १९ अर्थात ६३.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि र ११ अर्थात ३६.६६ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउदा निजी विद्यालयका बहुसंख्यक विद्यार्थीहरु मध्यमान माथि रहेका र अल्पसंख्यक विद्यार्थीहरु मध्यमान भन्दा तल रहेकोले संम्बद्द पाठ्य पुस्तक को बोधगम्यताको स्थिति सकारात्मक रहेको भन्न सकिन्छ तर ३६.६६ प्रतिशत निजी विद्यालयका विद्यार्थीका लागि विद्यार्थीले सो पुस्तक राम्ररी नबुझ्नु सुखद कुरा भने मान्न सकिदैन ।

## ४.२.२ पाठ्य पुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको तुलनात्मक स्थिति

### ४.२.२.१ भषिक पृष्ठभूमिको आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना

तालिका सङ्ख्या ४.२.२.१

| भषिक पृष्ठभूमि | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| भाषा १ | ३० | ७८.०७ | ४.१८ | ८.७४ |
| भाषा २ | ३० | ६६.८८ | ५.६७ | |

उपयुक्त तालिकामा नेपाली पहिलो भाषा हुने र नेपाली दोश्रो भाषा हुने विद्यार्थीहरु कमश ३०/३० जना जना रहेका छन् । नेपाली पहिलो भाषा हुने समूहको मध्यमान ७८.०७ र मानक विचलन ४.१८ रहेको छ भने दाश्रो भाषा हुने समूहको मध्यमान ६६.८८ र मानक विचलन ५.६७ रहेको छ । दुवै समूहका बीच तुलना गर्दा उनीहरुबीच बोधगम्यतामा सामान्य अन्तर रहेको पाइन्छ । यस कुरालाइ ०.०५ तहको सार्थकतामा Z मान ८.७४ हुनु र मध्यमानमा पनि केही अन्तर हुनुले स्पष्ट पार्दछ । दुवै समूहलाई तुलना गर्दा नेपाली दोस्रो भाषा

हुनेहरु भन्दा नेपाली पहिलो भाषा हुनेहरुको बोधगम्यताको स्थिति केहि राम्रो भएको प्रामणित हुन आउछ । अतः नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरुका लागि भन्दा उक्त पुस्तकमा प्रयुक्त कथाहरु केही बढी कठिन भएको देखिन्छ । यसर्थ पाठ्य पुस्तकमा कथाहरु राख्दा भाषिक पृष्ठभूमिको पनि ख्याल राख्नु पर्ने कुरा स्पस्ट हुन आउँछ ।

### ४.२.२.२ विद्यालयको प्रकृतिका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना

तलिका सङ्ख्या ४.२.२.२

| विद्यालयको प्रकृति | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | ३० | ६८.१४ | ६.०३ | ६.४७ |
| निजी | ३० | ७६.८१ | ४.२८ | |

उपयुक्त तालिकामा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या क्रमशः ३०/३० रहेको छ सामुदायिक विद्यालयका विद्यार्थीहरुको मध्यमान ६८.१४ र मानक विचलन ६.०३ रहेको छ । त्यस्तै निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान ७६.८१ र मानक विचलन ४.२८ रहेको छ । उक्त तथ्यको आधारमा तुलनात्मक विश्लेषण गर्दा विद्यार्थीहरुको सामुदायिक र निजी पृष्ठभूमिले गर्दा पनि बोध क्षमतामा सामान्य असर पारेको कुरा माथि दिइएको तालिकाले स्पष्ट पारेको छ तर यस कुरालाई ०.०५ तहको सार्थकताको Z मान ६.४७ हुनुले सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरुका लागि सार्थक रुपमा भिन्न हुने गरी सरल, कठिन रहेको देखिदैन । दुवैथरी विद्यार्थीहरुका लागि निर्दिष्ट पुस्तक बोधगम्य पाइनु सकरात्मक कुरा हो ।

### ४.२.२.३ लिङ्गगत आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना

तालिका सङ्ख्या ४.२.२.३

| लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| छात्र | ३० | ७१.८५ | ५.०८ | ०.८८ |
| छात्रा | ३० | ७३.११ | ६.०२ | |

उपयुक्त तालिकामा छात्रतर्फ ३० जना र छात्रातर्फ ३० जना रहेका छन् । छात्रतर्फ मध्यमान ७१.८५ र मानक विचलन ५.०८ रहेको छ । भने छात्रातर्फ मध्यमान ७३.११ र मानक विचलन ६.०२ रहेको छ । उक्त तथ्यलाई विश्लेषण गरी हेर्दा सामान्य अन्तर पाइएता पनि Z परीक्षण द्वारा तुलनागरी हेर्दा ०.८८ पाइएकोले छात्र र छात्रा तर्फ बोधगम्यताको क्षमतामा ठुलो अन्तर रहेकोले पनि छात्रा र छात्र मा तुलना गरी हेर्दा निर्दिष्ट पाठ्य पुस्तकमा प्रयक्त कथाहरु सन्तोषप्रद भने देखिदैन ।

### ४.२.२.४ सुझावहरु

प्रस्तुत ‘बोधगम्यता आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाहरु’ शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ :

क) बोधगम्यताका दृष्टिले प्रस्तुत पाठ्य पुस्तकमा प्रयुक्त कथाको कठिनाईस्तर विद्यार्थीको बौद्धिक क्षमता अनुकूल बनाउनुपर्दछ ।

ख) विद्यार्थीहरुको बोधगम्यता क्षमता अभिवृद्धि गर्नका लागि सवै तहका पाठ्यक्रम तथा पाठ्य पुस्तकहरु सोही तहका विद्यार्थीहरुको बौद्धिक स्तर र रुचि क्षेत्रको पहिचान गरी सावधानी अपनाउनु जरुरी छ ।

ग) विद्यार्थीहरुलाई बोधगम्यता क्षमताको अभ्यास गराउँदा पाठ्य पुस्तकमा समावेश भएका पाठहरु बाट मात्र नभएर स्तर सुहाउँदो, रुचि अनुसार जीवन उपयोगी विषयवस्तुबाट बोधगम्यता क्षमताको अभ्यास गराउनुपर्छ ।

घ) सामुदायिक विद्यालयका विद्यार्थीहरुको बोधगम्यता क्षमता अभिवृद्धि गर्नका लागि विद्यार्थीहरुको बढी चापलाई नियन्त्रण गर्न सेक्सनको व्यवस्था गरी थोरै समूहमा पठनपाठन गर्नुपर्ने देखिन्छ साथै सामुदायिक विद्यालयको खस्कदो परिमाणबाट छुट्कारा पाउनका लागि शिक्षकहरुमा पनि आफ्नो पेशाप्रति बफादारी रहनुपर्ने देखिन्छ ।

ङ) निजी विद्यालयका विद्यार्थीहरुलाई पनि बढी भन्दा बढी सिर्जनात्मक शिक्षण क्रियाकलापमा जोड दिनुपर्ने देखिन्छ ।

च) विद्यार्थीहरुको बोधगम्यता क्षमता विकासका लागि भाषा पाठ्य पुस्तकमा विषय वस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानियता, उमेर, कक्षा तह आदि पक्षलाई समेटी विषय वस्तुको छनोट एवं संकलन गर्नुपर्दछ ।

छ) निजी विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको बोधगम्यता क्षमता कमजोर देखिएकोले सामुदायिक विद्यालयहरुमा पनि नियमित पठन पाठनको व्यवस्था, विभिन्न सन्दर्भ सामग्री तथा पत्र पत्रिकाको व्यवस्था गरिनुपर्छ ।

ज) नेपाली विषयप्रति नकरात्मक धारणा बनाई जुनसुकै विषय शिक्षक तथा तालिम अप्राप्त शिक्षकद्वारा हुने अध्यापन गरिनुपर्ने र विषय शिक्षकलाई तालिम एवम् पुनर्ताजगी तालिमको व्यावस्था गरिनुपर्दछ ।

झ) निरर्थकभन्दा सार्थक ज्ञान तथा प्रयोगात्मक ज्ञानलाई बढी जोड दिइ पाठ्यक्रम पाठ्य पुस्तक परिमार्जन गरिनुपर्ने देखिन्छ ।

ञ) नेपाली भाषा दोस्रो भाषाको रुपमा प्रयोग गर्ने विद्यार्थीहरुको लागि बोधपक्ष कठिन भएको परिप्रेक्ष्यमाथि मध्यनजर राखिनुपर्छ ।

ट) अधिराज्यका विद्यालयहरुमा परीक्षा प्रणालीमा एकरूपताहुनुका लागि अति कडाइका साथ कदम चालिनुपर्दछ ।

ठ) नेपाली भाषा विषय प्रतिको हेलचेक्रयाईलाई हटाउनुपर्छ र कडा निगरानीका साथ पठनपाठन प्रक्रियालाई सुधार्नुपर्छ ।

ड) यस अध्ययनको निष्कर्षबाट बोधगम्यता क्षमतामा निजी विद्यालय भन्दा सामुदायिक विद्यालयका छात्र, भन्दा छात्रा तथा पहिलो भाषा नेपाली भएका भन्दा पहिलो भाषा नेपाली नभएका विद्यार्थीहरु कमजोर देखिएकाले उक्त सबै पक्षमा सुधारको लागि तत्काल नयाँ अध्ययन अनुसन्धान गरी सुधारको लागि विशेष योजना बनाउनु पर्ने देखिन्छ ।

# अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

आफ्नो एम.एड. दोश्रो वर्षको पाँचौ पत्र '५९८' को प्रयोजनार्य "बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्यायन" का क्रममा यस झापा जिल्लाका ६ विद्यालयहरुमा स्थलगत भ्रमण गरी पाठ्य पुस्तक प्रयोगकर्ता, शिक्षक र विद्यार्थीहरुसंग प्रत्यक्ष सम्पर्क गरियो । विद्यार्थीहरुको प्रश्नावलीको परीक्षणबाट उनीहरुको बोधगम्यताको तुलनात्मक अध्ययन गरियो ।

अध्ययनका क्रममा आवश्यकीय तथ्यहरुको अध्ययन गरी पाइएका सकरात्मक तथा नकरात्मक तथ्याङ्कहरु यसै शोधपत्रमा समावेश गरिएका छन् ।

यस अध्ययनमा पाइएका कुराहरुको निष्कर्ष र ती निष्कर्षहरुको आधारमा सुझावहरुलाई तल बुँदागत रूपमा उल्लेख गरिएको छ ।

### ५.१ निष्कर्ष

➢ मातृभाषी विद्यार्थी हुन् वा विमातृभाषी विद्यार्थी हुन् । नेपालका सामुदायिक विद्यालयका विद्यार्थी हुन् वा निजी विद्यालयका विद्यार्थी हुन् यी सबै पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु समान रूपमा बोधगम्य हुने अपेक्षा गरिएको हुन्छ । तर नमुना मा लिइएका त्यस्तो क्षेत्रका विद्यार्थीहरुका लागि प्रस्तुत पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु त्यस रूपमा बोधगम्य भएको पाउन सकिएको छैन ।

➢ समग्र विद्यार्थीहरुको बोधगम्यता क्षमता समग्र मध्यमानका आधारमा मापन गर्दा मध्यमानभन्दा माथि बढी प्रतिशत र मध्यमानभन्दा तल कम प्रतिशत देखिएकाले विद्यार्थीहरुको बोधगम्यता क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

➢ विद्यालयको प्रकृतिको अधारमा समग्र मध्यमान लाई आधार मानेर हेर्दा निजी विद्यालयतर्फ ६७.८८ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ३२.११ प्रतिशत

विद्यार्थी हरु मध्यमानभन्दा तल रहेको देखिएकाले निजी विद्यालयका विद्यार्थीहरुको बोधगम्यता क्षमता उच्च रहेको पाइएको छ । त्यसैगरी सामुदायिक विद्यालय तर्फका ५०.८६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४९.१३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले सामुदायिक विद्यालय तर्फका विद्यार्थीहरुको बोधगम्यता क्षमता समान रहेको देखिएको छ ।

- भाषिक पृष्ठभूमिका आधारमा समग्र मध्यमानका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता मध्यमानभन्दा माथि ७७.३२ प्रतिशत र मध्यमान भन्दा तल २२.६७ प्रतिशत रहनुले मातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता सन्तोषजनक रहेको देखिन्छ । यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता मध्यमान भन्दा ३९.५३ प्रतिशत माथि र ६०.४६ प्रतिशत तल रहनुले दोस्रो भाषी नेपाली विद्यार्थीहरुको बोधगम्यता क्षमता कमजोर रहेको देखिन्छ ।

- विद्यार्थीहरुलाई लैङ्गिक समूहमा बाँडेर हेर्दा समग्र छात्र विद्यार्थीहरुको बोधगम्यता क्षमतालाई समग्र मध्यमानका आधारमा तुलना गर्दा ५९.२७ प्रतिशत छात्र मध्यमान भन्दा माथि र ४०.७२ प्रतिशत  विद्यार्थी मध्यमानभन्दा तल रहनाले बोधगम्यता क्षमता सामान्य रहेको देखिन्छ । यसैगरी छात्रा ६०.४८ प्रतिशत मध्यमान भन्दा माथि र ३९.५१ प्रतिशत मध्यमान भन्दा तल रहनुले छात्राहरुको बोधगम्यता क्षमता केही उच्च रहे तापनि छात्रछात्रबिच खासै अन्तर नभएको देखिन्छ ।

- प्रस्तुत पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु दास्रो भाषी विद्यार्थीहरुका लागि कथाहरुको कठिनाइ स्तरलाई विश्लेषण गरी हेर्दा कठिन भएको देखिन्छ ।

### ५.१.१ अध्ययनका समस्याहरु तथा कमीकमजोरीहरु

प्रस्तुत अध्ययन कक्षा नौ को नेपाली पुस्तकमा प्रयुक्त कथाहरुको बोधगम्यताको तुलनात्मक स्थिति पत्ता लगाउन गरिएको हो । साथै सम्पूर्ण कक्षा नौ मा अध्ययनरत छात्र छात्राहरु लाई समावेश गराउन सकिने हुँदाहुँदै पनि यो सानो अध्ययनमा अध्येताले सीमित समय, स्रोत र साधनका आधारमा तयार पारिएको छ ।

कुनै पनि अध्ययन आफैमा पूर्ण र अन्तिम नहुने साथै विभिन्न सीमा तथा अवरोधहरुबाट मुक्त हुन नसक्ने हुदो रहेछ । त्यसैलै शोधार्थीले यो अध्ययन तयार पार्ने क्रममा झापा जिल्लाका केही

विद्यालयलाई मात्र समावेश गर्न सफल भएको छ। वर्तमान अध्ययनमा रहेका कमीकमजोरीहरु निम्नअनुसार प्रस्तुत गरिन्छ :

(क) प्रस्तुत अध्ययन पाठ्यक्रम विकास केन्द्र सानोठीमी भक्तपुरद्वारा तयार पारिएको कक्षा नौ को नेपाली किताबमा मात्र सीमित गरिएको छ।

(ख) यस अध्ययनको सिलसिलामा प्रयोग गरिएको पाठ्य पुस्तक सरकारी र निजी दुवै स्तरका कक्षा नौ मा अध्ययनरत छात्र र छात्रहरुलाई नमुना छनोटको रुपमा लिइएको छ।

ग) अध्ययनको प्रभाव क्षेत्र सम्पूर्ण नेपाल भरी नै परीक्षण गर्न सकिने भए तापनि नमुना छनोटले अध्ययनलाई सीमित पारिदिएको छ। अध्येताको आफ्नो अनुकूलताले गर्दा झापा जिल्लालाई मात्र सीमाबद्ध गरिएको छ।

घ) प्रस्तुत अध्ययनको क्रममा झापा जिल्लाका सामुदायिक ३ विद्यालयका छात्र छात्रा गरी ३० र निजी विद्यालयका ३ विद्यालयका छात्रछात्रा ३० गरी जम्मा ६० विद्यार्थीमा सीमित गराइएको छ।

ङ) "हाम्रो नेपाली किताब कक्षा नौ मा ३ कथा रहेका छन्। त्यसमध्येबाट पनि परीक्षणका लागि १/१ अनुच्छेदहरु मात्र समावेश गराइएको छ।

च) प्रस्तुत अध्ययनमा नमुना छनोट गरिएका विद्यार्थीहरुको भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति र लिङ्गका आधारमा तुलनात्मक अध्ययन गरिएको छ।

छ) परीक्षणका विधिहरु मध्ये "क्लोज" परीक्षणलाई मात्र समावेश गरिएको छ।

## ५.२ शौक्षणिक प्रयोजन/उपयोगिता

शोधार्थीले प्रस्तुत अध्ययनका निम्न लिखित शौक्षणिक उपयोगिता भएको अनुभव गरेको छ ।

- ❖ यस अध्ययनबाट राष्ट्रभाषा नेपाली भाषाको पाठ्य सामग्री निर्माणमा ज्यादै ध्यान पुऱ्याउनु पर्ने कुरा सम्बन्धित निकायलाई जानकारी दिइ भावी पाठ्य सामग्री निमार्णमा सहयोग पुऱ्याउने छ ।
- ❖ यस अध्ययनले जुनसुकै पाठ्य पुस्तक लेखन तथा सम्पादनमा विद्यार्थीका रुची, क्षमता, तह, मनोविज्ञान आदिमा विचार पुऱ्याइ प्रकाशनमा ल्याउनुपर्छ भन्ने कुरामा सहयोग पुऱ्याउने छ ।
- ❖ यस अध्ययनले नेपाली विषय त हो भन्ने हेलचेक्रायाँइ गर्ने प्रवृतिमा सुधार ल्याउनेछ ।
- ❖ यस अध्ययनले भाषिक पाठ्य पुस्तकको मूल्याङ्कनमा सहयोग पुऱ्याउने छ ।
- ❖ यस अध्ययनले पाठ्य पुस्तक निर्माणकर्तालाई अधिराज्यका सम्पूर्ण पाठकको अन्तरालमा पसी निमार्ण गर्न सुझाव दिनेछ ।
- ❖ यस अध्ययनले भाषा पाठ्य पुस्तक निर्मातालाई 'क्लोज' परीक्षण विधिबाट उपयुक्त पाठ्य समग्रीको छनोट गर्न मद्दत गर्नेछ ।
- ❖ यस अध्ययनले मा.वि तहको भाषा पाठ्य पुस्तकको बारेमा जानकारी लिन सहयोग गर्नेछ ।
- ❖ यस अध्ययनले कथा त हो भन्ने हेलचेक्रायाँइ गर्ने प्रवृतिमा सुधार ल्याउनेछ ।
- ❖ यस अध्ययनले मा.वि तहको नेपाली किताबमा प्रयुक्त कथाको बारेमा जानकारी लिन सहयोग गर्नेछ ।
- ❖ उक्त अध्ययनले पाठ्य सामग्रीको उपयुक्तताको महत्त्व दर्शाउनेछ ।
- ❖ उक्त अध्ययनले परीक्षा प्रणालीमा सुधार ल्याउनेछ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

कुनै पनि विषयको एउटा सानो अनुसन्धानले त्यसको सम्पूर्ण कार्य पूर्ण हुन सक्दैन् । अनुसन्धान एक निरन्तर रुपमा चलिरहने प्रकृया भएको हुनाले यस अध्येताले निम्न लिखित शीर्षकमा भावी अनुसन्धानहरु हुन आवश्यक ठानिएको छ ।

- ❖ बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त निबन्धको अध्ययन ।
- ❖ बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कविताको अध्ययन ।
- ❖ कक्षा नौ को नेपाली किताबको पठनबोध क्षमताको अध्ययन ।
- ❖ मा.वि.तहको नेपाली पाठ्य पुस्तकमा दिइएका अभ्यासहरुको बोधगम्य क्षमताको अध्ययन ।
- ❖ कक्षा नौ को नेपाली पाठ्य पुस्तक र उक्त कक्षाको नेपाली पाठ्यक्रमको अध्ययन ।
- ❖ कक्षा नौ को पुरानो पाठ्य पुस्तक र नयाँ पाठ्य पुस्तकबीच बोधगम्यता सम्वन्धी अध्ययन ।
- ❖ कक्षा नौ को नेपाली किताबमा समाविष्ट व्याकरण शिक्षण बोध क्षमताको अध्ययन ।
- ❖ कक्षा नौ को नेपाली किताबमा समावेश विधाहरुको बोध क्षमताको तुलनात्मक अध्ययन ।
- ❖ बोधगम्यताका आधारमा कक्षा दश को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन ।
- ❖ बोधगम्यताका आधारमा कक्षा आठ को नेपाली किताबमा प्रयुक्त कविताको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, धनुमाया (२०६७), **तनहुँ जिल्लाका कक्षा दश मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन,** कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

उपाध्याय, गुरुप्रसाद(२०६०), **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन,** कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

के.सी, नवराज (२०६४), **लमजुङ जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

गिरी, भीमसेन (२०६५), **कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

घिमिरे, विष्णुहरि (२०५६), **हाम्रो नेपाली किताब कक्षा आठ को बोधगम्यताको अध्ययन,** ताहाचल : महेन्द्र रत्न क्याम्पस, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

ज्ञवाली, रामप्रसाद र अन्य (२०५८), **नेपाली गद्य, भाषा र साहित्य** (दोश्रो २०६२ र तेश्रो २०४६), बागवजार काठमाडौं : भुँडीपुरान प्रकाशन ।

ढकाल, बुद्धराज (२०६६), **कक्षा तिनका विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

थापा, सीता (२०६५), **म्यागदी जिल्लाका कक्षा पाँच पुरा गरेका विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

न्यौपाने, श्रीराम (२०६४), **नेपाली कथा र उपन्यास**, सिंहदरबार, रामशाह पथ :, पैरवी प्रकाशन हाउस ।

पराजुली, तीर्थराज र अन्य (२०६८), **शैक्षिक मापन तथा मूल्याङ्कन,** कीर्तिपुर, काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

प्रधान, बाबुलाल (२०६१), **रत्न नेपाली शब्दकोश**, भोटाहिटी, काठमाडौ : रत्न पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), **हाम्रो नेपाली किताब कक्षा नौ**,सानोठिमी, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

पुरी, सत्यरुपा (२०६०), **हाम्रो नेपाली किताब कक्षा छ को बोधगम्यताको अध्ययन**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग।

पौडेल, नेत्रप्रसाद र अन्य (२०५८), **हाम्रो नेपाली किताब र सरल नेपाली किताब कक्षा आठ को बोधगम्यताको अध्ययन**, ताहाचल : महेन्द्र रत्न क्याम्पस, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक,** भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, बागबजार काठमाण्डौ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भुसाल, माधवा (२०६७), **कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन** , कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण**, भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६७), **पाठ्यक्रम योजना र अभ्यास**, भोटाहिटी, काठमाडौ : एम.के. पब्लिकेसर्स एन्ड डिस्ट्रिब्युटर्स, ं ।

शर्मा, तुलसीराम (२०६५), **दाङ जिल्लाका कक्षा दश मा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन**, कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङ्काय, नेपाली भाषा शिक्षण विभाग ।

**शिक्षक,** मासिक, पत्रिका वर्ष ६ पूर्णङ्क ६५ (२०७०), पूर्वचण्डी मार्ग, जावलाखेल, ललितपुर : शिक्षक मासिक ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

# परिशिष्ट क

## परीक्षणका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरु

<u>बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन</u>

यस जाँचबाट कक्षा नौ को हाम्रो नेपाली पाठ्य पुस्तक मा प्रयुक्त कथाहरु विद्यार्थीहरुको लागि बुझिने खालको छ छैन भनेर तथ्य निष्कर्ष निकाल्न मद्दत मिल्नेछ । यहाँ उक्त पाठ्य पुस्तकमा प्रयुक्त कथाहरुबाट केही अनुच्छेदहरु लिइएका छन् । ती अनुच्छेदहरुमा केही खाली ठाउँहरु छाडिएका छन् । ती खाली ठाउँमा कुन शब्द राख्द ठीक हुन्छ त्यही शब्द राखी खाली ठाउँ भर ।

विद्यार्थी सम्बन्धी विवरण

नाम : कक्षा :

उमेर : छात्र/छात्रा :

मातृभाषा : गाउं/शहर :

विद्यालयको नाम र ठेगाना :

पढेको विद्यालय : सरकारी : निजी :

(क) तल तीनवटा अनुच्छेदहरु दिइएका छन् । ती अनुच्छेदहरुका विभिन्न ठाउँमा शब्दहरु हटाइएका छन् । हटाइएका शब्दहरु पत्ता लगाएर खाली ठाउँ भर ।

१. एकदिन राजा सिकार खेल्न ................. थिए ।

रानी झ्यालमा बसेर .................. कात्न लागेकी थिइन अकस्मात ............... नजर एउटा भँगेराको गुँडमा ................ । त्यो गँडमा रहेका बच्चाहरुलाई ..................... आफ्नो चुच्चामा आहारा ल्याएर ................ खुवाइरहेको रानीलाई खुब रमाइलो ................. । तर अपशोच ! भँगेरी आफ्ना .................. चारो खुवाएर के बाहिर ................ थिई, एउटा ब्याधाले प्याट्ट .............. हानेर मारिदियो । रानीको........... बडो विषाद पर्‍यो । एकछिनपछि ............ आहारा लिएर आयो । बच्चाहरुलाई ...................

खुवाई चिर्र चिर्र गरी पोथीलाई .................. तर कतै पनि पत्ता ................ केही बेरसम्म झोक्राइरह्यो अनि............... सुसेधन्धामा लाग्यो ।

२. नरेशले फेरि हठात् प्रश्न................. "बा तपाईले पनि मानिस...........? "छोराको यस प्रश्नले तिनी .................. गम्भीर भए र भने "............ धेरै जर्मनहरुलाइ मारेर त ............... कप्तान भएं ।" यति मात्र ............... थिए, तिनी आफै झसंग............. छोराको अनुहारमा पुलुक्क हेरे । ............. नरेशको निर्दोश अनुहारमा जिज्ञासा..................... द्विविधा झल्किरहेको थियो ।

तिनलाई .................. भुल थाहा भयो । अब ............... के भन्लिन् भन्ने तिनका ............ पर्‍यो । तर कुरा समाल्नु ................. थियो । किनभने नरेश बाहिर ................ थियो ।

३. हिरालालले अनी मुख बिगारेर ................. तल कोठामा गएर बस्ने ............. गरी कुशल प्रश्नका साथ ..................... गद्दीमा आफुलाई बसालेपछि खड्गबहादुरले................... "अरु दुई युवती काशी.................. हुन्, तर तपाइले लिनुभएकी................. पनि ज्यादै राम्रा । त्यसैले ............. पनि दोब्बर नभई कुरा ............. जस्तो छैन । यस्तो कुरा ............... किन लेख्नु भनी मानिस ..............हुँ । यदि तपाईका साथीहरु............. भने तोक्नुभएकै दिनमा लोग्ने ................... भेष लगाएर मुगलसरायबाट पञ्जाब ................पठाइदिन्छु । हवडामा उत्रनासाथ बन्दोबस्त ............. छ । मिलाउनु भयो भने सैकडा ............ कमिसन यहाँलाई पनि टुक्राउला ।

# परिशिष्ट 'ख'

अध्ययनमा सहयोगी विद्यालय र विद्यार्थीको नामवली

| विद्यालयको नाम | विद्यार्थीको नाम |
|---|---|
| श्री पुंहातु जनज्योति मा.वि चन्द्रगढी ३ | पुजा रेग्मी<br>अनुजा कट्टेल<br>भानुभक्त न्यौपाने<br>कौशलराज पाण्डे<br>अर्जुन निरौला<br>सुनिता समरिया<br>सम्झना राजवंशी<br>सरिता राजवंशी<br>अनुप राजवंशी<br>सरोज राजवंशी |
| एकता एकाडेमी चन्द्रगढी ३ | पेमालामु तामाङ्ग<br>मेनुका राजवंशी<br>अनिशा कार्की<br>विद्याचल पौडेल<br>निशा पराजुली<br>तेजेन्द्र राजवंशी<br>शशी लिम्वु<br>प्रकाश राजवंशी<br>सिमना पाण्डे<br>सविता घिमिरे |

| विद्यालयको नाम | विद्यार्थीको नाम |
| --- | --- |
| सेन्ट पल्स अंग्रेजी माध्यमिक विद्यालय दुहागढी ४ चारआली | विकिसा कार्की<br>अस्मिता दाहाल<br>भिसन आङदाम्बे<br>शोनाम शेर्पा<br>सुम्निमा लिम्वु<br>रबिना राजवंशी<br>महिमा धिमाल<br>शितल गिरी<br>निमेश प्याकुरेल<br>आाशिष कडेल |
| श्री सरस्वती मा. वि. अनारमनी १ | निर्मला विष्ट<br>पल्लवी रेग्मी<br>रमेश राजवंशी<br>अर्जुन लिम्बु<br>नरेश पुरी<br>दिनेश अधिकारी<br>सुमन चौलागाई<br>अमृता लिम्वु<br>ननिसा राई<br>सुनिता किस्कु |

| विद्यालयको नाम | विद्यार्थीको नाम |
|---|---|
| श्री शहिद दशरथ चन्द्र उच्च माध्यमिक विद्यालय<br>दुहागढी ४ चारआली | लक्ष्मी शिवाकोटी<br>नेहा सुन्दास<br>समिक्षा न्यौपाने<br>भुपेन्द्र विष्ट<br>गोकुल गौतम<br>रञ्जना राजवंशी<br>मोनिका राजवंशी<br>कृष्ण राजवंशी<br>निसान सुब्बा<br>महम्मद इस्तियाक |
| लिटल एन्जल्स बोडिङ्ग स्कुल<br>दुहागढी,४ चारआली | कृष्ण मेचे<br>बिवेक लिम्बु<br>फुर्वा गुरुङ्ग<br>गरिमा धिमाल<br>सरिता मेचे<br>बिवेक परियार<br>नवराज थापा<br>बिपना परियार<br>बिद्या न्यौपाने<br>पुजा सिग्देल |

क्लोज परीक्षामा सोधिएका शब्द र विद्यार्थीहरुले दिएका सहि उत्तर

सहभागी संख्या ६०

| क्र. स. | दिइएका शब्द | सामुदायिक विद्यालय | निजी विद्यालय | छात्र | छात्रा | भाषा १ | भाषा २ |
|---|---|---|---|---|---|---|---|
| १ | गएका | २७ | २८ | २७ | २८ | २९ | २६ |
| २ | बात्ती | २४ | २८ | २८ | २४ | २८ | २४ |
| ३ | उनको | २३ | २८ | २८ | २३ | २७ | २४ |
| ४ | पऱ्यो | २१ | २७ | २२ | २६ | २६ | २२ |
| ५ | माउले | ११ | १२ | ११ | १२ | १६ | ७ |
| ६ | बराबर | ७ | ९ | ८ | ८ | १२ | ४ |
| ७ | लाग्यो | २९ | २९ | ३० | २८ | ३० | २८ |
| ८ | बच्चाहरुलाई | २२ | २९ | २३ | २८ | २६ | २५ |
| ९ | निस्केकी | २३ | २१ | २२ | २२ | २६ | १८ |
| १० | गुलेलीले | २७ | ३० | २८ | २९ | २९ | २८ |
| ११ | मनमा | ३० | २८ | २८ | ३० | ३० | २८ |
| १२ | भँगेरो | २३ | २८ | २५ | २६ | २६ | २५ |
| १३ | आहारा | २१ | १३ | १५ | १८ | १८ | १६ |
| १४ | खोज्यो | २३ | २७ | २५ | २७ | २७ | २३ |
| १५ | नलाग्दा | २ | ११ | ७ | ७ | ७ | ६ |
| १६ | आफ्नै | १५ | २१ | १६ | २३ | २३ | १३ |
| १७ | गऱ्यो | १६ | २७ | २० | २० | २० | २३ |
| १८ | मार्नुभयो | १५ | २६ | २५ | २७ | २७ | २४ |
| १९ | एकछिन | १९ | २२ | १८ | २२ | २२ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | हो | ७ | १५ | १२ | १५ | १५ | ७ |
| २१ | म | २८ | २८ | २९ | २८ | २८ | २८ |
| २२ | भनेको | २४ | २९ | २८ | २९ | २९ | २४ |
| २३ | भएर | २७ | २८ | २७ | २८ | २८ | २७ |
| २४ | तर | १३ | १० | १३ | १० | १२ | ११ |
| २५ | र | २८ | २८ | २८ | २९ | ३० | २७ |
| २६ | आफ्नो | २४ | २९ | २७ | २६ | २८ | २५ |
| २७ | पावर्तीले | २३ | २७ | २७ | २३ | २७ | २३ |
| २८ | मनमा | २६ | २९ | २७ | २८ | २८ | २७ |
| २९ | व्यर्थ | ९ | २४ | १६ | १७ | १८ | १५ |
| ३० | गइसकेको | २० | २८ | २७ | २७ | २४ | २४ |
| ३१ | दरवानलाई | १५ | २३ | १९ | १९ | २३ | १५ |
| ३२ | इशारा | २७ | २५ | २५ | २७ | २८ | २४ |
| ३३ | उही | २१ | १० | १२ | १९ | १८ | १३ |
| ३४ | भने | १७ | २२ | २० | १९ | २२ | १७ |
| ३५ | आइपुगेका | २३ | १४ | २१ | १६ | १९ | १८ |
| ३६ | भन्दा | २४ | २८ | २७ | २५ | २६ | २६ |
| ३७ | दाम | १८ | १६ | २८ | १६ | १८ | १६ |
| ३८ | मिल्ला | २५ | २६ | २४ | २७ | २५ | २६ |
| ३९ | चिठ्ठीमा | २३ | १६ | २१ | १८ | २१ | १८ |
| ४० | पठाएको | २५ | २८ | २९ | २४ | २९ | २४ |
| ४१ | चाहन्छन् | २० | २१ | १७ | २४ | २० | २१ |
| ४२ | मानिसको | १९ | २० | २० | १९ | २३ | १६ |
| ४३ | मेलमा | १४ | २८ | २० | १२ | २४ | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४४ | मिलाउनु हुन्यै | ९ | १० | १० | १९ | १५ | ४ |
| ४५ | एक | २३ | ३० | २६ | २७ | २७ | २६ |
| जम्मा | | ९२० | १०३७ | ९७० | ९८७ | १०५४ | ९०३ |

# शोधार्थीको व्यक्तिगत विवरण



नाम : भुपाल राजवंशी

जन्म मिति : २०४३/०५/१३

ठेगाना : दुहागढी-८

पिता/माता : लेङ्सु राजवंशी/लेप्टी राजवंशी

धर्म : हिन्दु

नागरिक : नेपाली

मातृभाषा : राजवंशी

पेशा : शिक्षण

मोवाइल नं. : ९८१६९८०४३५

शैक्षिक योग्यता :

| क्र. सं. | अध्ययन गरेको शिक्षण संस्थाको नाम र ठेगाना | परीक्षा बोर्डको नाम | तह | परीक्षा उत्तीर्ण गरेको साल | श्रेणी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री पुँहातु जन ज्योति मा.वि. चन्द्रगढी,३ | एस.एल.सी. बोर्ड नेपाल | एस.एल.सी. | २०६० | दोस्रो | ५६.५०% | |
| २ | श्री विरेन्द्र उ.मा.वि. चन्द्रगढी | उ.मा.वि शिक्षा परिषद् | प्लस टु | २०६३ | दोस्रो | ५०.६०% | |
| ३ | विरेन्द्र नमुना क्याम्पस,चन्द्रगढी | त्रिभुवन विश्व विद्यालय | स्नातक | २०६६ | दोस्रो | ५१.९३% | |
| ४ | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा | त्रिभुवन विश्व विद्यालय | स्नातकोत्तर | २०६९ | | | |